बाइबल चाबीहरू

# जीवनको ढोका



हाते पर्चा पनि समावेश छ :

आत्मा र जीवनको वचन

वाइल्ल चार्बीह्रू

# जीवनको ढोका

बाइबल चाबीहरू

# जीवनको ढोका

MediaServe

**THE GATE TO LIFE**
This edition in Nepali first published, 2016

Copyright © 2016 Victura & FL Media
All rights reserved

Published by MediaServe
www.mediaserve.org

ISBN 978-1-906389-51-2

Original English edition, copyright
© 2000, 2013 Victura & FL Media. All rights reserved

Printed in Nepal, 2016

***The Gate to Life*** is also available
on the Internet at www.biblekeys.org

*अन्यथा उल्लेख नगरिएमा, धर्मशास्त्रका पदहरू पवित्र बाइबल, नेपाली
नयाँ संसोधित संस्करणबाट लिइएका हुन् । प्रतिलिपि अधिकार नेपाल बाइबल
सोसाइटी १९९७, २००६, २००९, २०१२ । सर्वाधिकार सुरक्षित ।*

# जीवनको ढोकामा स्वागत छ ।

पहिलो पाठ शुरु गर्नुभन्दा पहिला, कृपया यो छोटो परिचय पढ्नुहोला । यसले जीवनको ढोका र यो पाठ प्रयोगबारे बताउँछ ।

## जीवनको ढोका के हो ?

*जीवनको ढोका* बाइबलबाट निकालिएको आधारभूत तालिम पाठ्य-माला हो । हरेक पाठले तपाईंको जीवन निर्माण गर्न ठोस आधार उपलब्ध गराउँछ । *जीवनको ढोकाले* बाइबल प्रयोग गर्न सिकाउँछ र तपाईंको लागि परमेश्वरले राख्नुभएको कुरा प्राप्त गर्न सिकाउँछ ।

## जीवनको ढोका कसरी चलाउने ?

- सधैं बाइबलको पद खोज्ने ।
- बाइबलका पदमा चिन्ह लगाउने ।
- अनुसन्धान, प्रश्न र उत्तरहरू लेख्नका लागि एउटा कापी लिने ।
- हरेक पाठको अन्तमा भएको कम्तिमा एउटा पद मनमनै सिक्ने ।

## पुस्तकका खण्डहरू तथा तिनीहरूका सङ्केतहरू



### बाइबल शिक्षा

बाइबल शिक्षाको लागि यो एउटा सङ्केत हो -हरेक पाठको शुरुको खण्ड । हामीले अध्ययन गर्दै गरेको विषयलाई यसले सिकाउँछ ।



### बाइबल खोज : स्वअध्ययन


यस खण्डमा तपाईंले गर्नुपर्ने कुराहरू छन् । बाइबलले के भन्छ भनी जान्न यिनले सहायता गर्छन्, ताकि तपाईंले यसलाई जीवनमा लागु गर्न सक्नुहुन्छ ।



### कामको समय : वचनमा चल्ने

कामविनाको विश्वास मृत हो । यसकारण, हरेक पाठपछि केही गर्ने उत्साह दिइन्छ । जब सिकेको कुरामा चल्नुहुन्छ, परमेश्वरको आशिष् तपाईंको लागि वास्तविक बन्दछ ।

## पुस्तकका खण्डहरू तथा तिनीहरूका सङ्केतहरू (बाँकी अंश)



### कण्ठस्थ समय : बाइबल पदहरू कण्ठस्थ गर्ने

हरेक पाठमा, कण्ठस्थ गर्नका लागि एक वा दुई महत्वपूर्ण पदहरू छानेका छौं । सबभन्दा असल तरिका भनेको हृदयदेखि नजानेसम्म तिनलाई ठूलो आवाजमा पढ्ने हो । तिनलाई नियमित मनन् गर्ने र तपाईंको जीवनको एक अंश हुन दिनु हो ।



### प्रशंसाको समय

परमेश्वरको प्रशंसा गर्न र आराधना गर्न तपाईंलाई उत्साह दिन्छौं । उहाँ कति अचम्मको हुनुहुन्छ भनी उहाँलाई भन्नुहोस्, वा उहाँको नाउँको प्रशंसा गाउनुहोस् ।

***जीवनको ढोकामा स्वागत छ, र परमेश्वरले तपाईंलाई आशिष दिऊन् ।***

## बाइबलका पुस्तकहरूको नाम

| | | |
|---|---|---|
| *पुरानो करार* | *यशैया* | *प्रेरित* |
| *उत्पत्ति* | *यर्मिया* | *रोमी* |
| *प्रस्थान* | *विलाप* | *१ कोरिन्थी* |
| *लेवी* | *इजकिएल* | *२ कोरिन्थी* |
| *गन्ती* | *दानिएल* | *गलाती* |
| *व्यवस्था* | *होशे* | *एफिसी* |
| *यहोशू* | *योएल* | *फिलिप्पी* |
| *न्यायकर्ता* | *आमोस* | *कलस्सी* |
| *रूथ* | *ओबदिया* | *१ थेसलोनिकी* |
| *१ शमूएल* | *योना* | *२ थेसलोनिकी* |
| *२ शमूएल* | *मिका* | *१ तिमोथी* |
| *१ राजा* | *नहूम* | *२ तिमोथी* |
| *२ राजा* | *हबकूक* | *तीतस* |
| *१ इतिहास* | *सपन्याह* | *फिलेमोन* |
| *२ इतिहास* | *हाग्गै* | *हिब्रू* |
| *एज्रा* | *जकरिया* | *याकूब* |
| *नहेम्याह* | *मलाकी* | *१ पत्रुस* |
| *एस्तर* | | *२ पत्रुस* |
| *अय्यूब* | *नयाँ करार* | *१ यूहन्ना* |
| *भजनसंग्रह* | *मत्ती* | *२ यूहन्ना* |
| *हितोपदेश* | *मर्कूस* | *३ यूहन्ना* |
| *उपदेशक* | *लूका* | *यहूदा* |
| *श्रेष्ठगीत* | *यूहन्ना* | *प्रकाश* |

## विषय सूची

**पाठ एक**
परमेश्वर उदेकको पिता हुनुहुन्छ ........................................ ९

**पाठ दुई**
येशू उदेकको उद्धारक हुनुहुन्छ ........................................ १७

**पाठ तीन**
तपाईं पवित्र आत्माले भरिइन सक्नुहुन्छ ................................ २९

**पाठ चार**
परमेश्वरको वचन – सत्य जसले तपाईंलाई स्वतन्त्र गराउनेछ ... ४१

**पाठ पाँच**
तपाईंको नयाँ जीवन ........................................................ ४९

# परमेश्वर उदेकको पिता हुनुहुन्छ

## यो पाठको बारेमा :

यो *जीवनको ढोकाको* पहिलो पाठमा स्वागत छ । आज तपाईंले परमेश्वरको बारेमा आधारभूत बाइबलीय सत्यता सिक्नुहुनेछ । बाइबलमा सबै प्रश्नहरूका जवाफ छन्, तपाईंलाई चाहिने सबै सत्यताहरू परमेश्वरको वचनले बताउनेछ ।

आजका प्रश्नहरू :

- **परमेश्वर को हुनुहुन्छ ?**
- **परमेश्वर कस्तो हुनुहुन्छ ?**
- **म परमेश्वरलाई कसरी चिन्न सक्छु ?**



## १ परमेश्वर को हुनुहुन्छ ?

### परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ

उत्पत्ति १:१ बाइबलले भन्छ : **"आदिमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो ।"**

यस्तो समय पनि थियो जुनबेला न त पृथ्वी न त स्वर्ग नै अस्तित्वमा थियो । दिन र रात थिएन अनि कुनै जीवित प्राणी थिएन । एकमात्र जीवित भनेको परमेश्वर स्वयम् हुनुहुन्थ्यो ।


तर परमेश्वरले नर र नारी गरी सृष्टि गर्न चाहनुभयो र उनीहरू बस्नका लागि
उत्पत्ति १:३ सुन्दर पृथ्वी पनि सृष्टि गर्न चाहनुभयो । शून्यवाट उहाँले सबै कुरा सिर्जनुभयो ।
(उत्पत्ति अध्याय १ उहाँले यसो भन्नुभयो : "उज्यालो होस्" अनि उज्यालो सृष्टि भयो । उहाँले पृथ्वी
पूरै पढ्ने) सृष्टि गर्नुभएपछि पहिलो मानिस आदम र हव्वा सृष्टि गर्ने बेला भयो ।

### परमेश्वर एक मात्र परमेश्वर हुनुहुन्छ

व्यवस्था ६:४ परमेश्वर एक मात्र हुनुहुन्छ, बाइबलको परमेश्वर । **"परमप्रभु हाम्रो परमेश्वर, परमप्रभु एक मात्र हुनुहुन्छ ।"** यद्यपि मानिसहरूले सधैं आफ्नो लागि ईश्वर र
भजन ११५:२-८ मूर्तिहरू सृष्टि गरे, तथापि तिनीहरू परमेश्वरजस्ता छैनन् । उहाँ बोल्न सक्नुहुन्छ,
१ कोरिन्थी १२:२ तिनीहरू चूप छन् । उहाँ देख्न सक्नुहुन्छ, तिनीहरू अन्धा छन् । उहाँले तपाईंलाई सहायता गर्नुहुन्छ, तिनीहरू गर्दैनन् ।

## परमेश्वर को हुनुहुन्छ ? *(बाँकी अंश)*

सायद तपाईं काठ, माटो वा धातुका मूर्तिमा विश्वास गर्नुहुन्न । तर ईश्वर के हो ? त्यही हो जसमा तपाईं भरोसा गर्नुहुन्छः तपाईंको पैसा, विशेष पद, परम्परा, अहम् । यी सबै ईश्वरहरू हुन्, जसलाई हामी आफै सृष्टि गर्छौं । तर परमेश्वर त मूर्तिजस्तो मानिसद्वारा सृष्टि गरिनुहुन्न । उहाँले सबै कुरा सृष्टि गर्नुभयो र उहाँ हाम्रो परमेश्वर हुनुहुन्छ अनि एक मात्र परमेश्वर हुनुहुन्छ ।




*मूर्तिले तपाईंलाई कहिल्यै केही कुरा दिंदैन । तर परमेश्वर तपाईंलाई प्रेम गर्नुहुन्छ र जे सर्वोत्तम छ सो तपाईंलाई दिनुहुन्छ ।*

### परमेश्वर पिता हुनुहुन्छ

लूका ३:३८ परमेश्वर एक प्रेमिलो, उदेकको पिता हुनुहुन्छ । बाइबलले भन्दछ कि आदम चाहिँ "परमेश्वरका पुत्र" थिए । यसैले हामी आदमको सन्तान भएकाले परमेश्वर हाम्रो पिता हुनुहुन्छ ।

उहाँ एक पिताले जस्तो गर्नुहुन्छः

भजन १३९:१३-१६
- उहाँ तपाईंको पुर्खा हुनुहुन्छ - शारीरिक रूपमा नभएता पनि - र तपाईं नै भएर तपाईं जन्मनु भएको होस्, अरू कोही होइन भन्ने उहाँले योजना गर्नुभयो ।

मत्ती ६:२५-३३
- तपाईंको वास्ता गर्नुहुन्छ, तपाईंलाई खाना र लुगा होओस् अनि सुरक्षित हुनुहोस् भन्ने चाहनुहुन्छ ।

मत्ती ६:२६
भजन ८:३-८
- उहाँको लागि तपाईं महत्वपूर्ण हुनुहुन्छ । अरू जीवित प्राणीभन्दा तपाईंलाई बढी महत्वको ठान्नुहुन्छ, अनि उहाँको सृष्टिलाई अधिकार गर्ने सीप र अख्तियार दिनुभएको छ ।

- तपाईंलाई प्रेम गर्नुहुन्छ र तपाईं खुशी हुँदा उहाँ खुशी हुनुहुन्छ ।
- तपाईंसित दैनिक संगति चाहनुहुन्छ ।



## २ परमेश्वर कस्तो हुनुहुन्छ ?

बाइबलले परमेश्वरको बारेमा धेरै पटक बताउँछ । उहाँको बारेमा धेरै थाहा पाउने तरिकाचाहिँ बाइबल पढिरहनु हो । अहिले उहाँको बारेमा केही महत्वपूर्ण कुरा जान्नुहुनेछ ।

### परमेश्वर भलो हुनुहुन्छ


१ यूहन्ना ४:८ परमेश्वर भलो हुनुहुन्छ । उहाँ हरेकलाई प्रेम गर्नुहुन्छ । बाइबलले उहाँ प्रेम हुनुहुन्छ भनी बताउँछ । तपाईं जन्मनुभन्दा अघि नै उहाँले तपाईंको बारेमा जान्नुभयो, तपाईंलाई प्रेम गर्नुभयो र तपाईंको लागि योजनाहरू बनाउनुभएको थियो । यसकारण तपाईं उहाँलाई भरोसा गर्न सक्नुहुन्छ । केही सोच्नुभन्दा अघि, तपाईंले के सोच्नुहुनेछ भनी उहाँ जान्नुहुन्छ । बाइबलभरि नै परमेश्वरको भलाइको लागि उहाँलाई धन्यवाद दिने मानिसहरू छन् :

भजन १३६:१ **"परमेश्वरलाई धन्यवाद देओ, किनकि उहाँ भलो हुनुहुन्छ । उहाँको प्रेम सदा रहन्छ ।"** भजनसंग्रहको पुस्तक यस्ता प्रशंसाका गीतहरूले भरिएको छ ।

### परमेश्वर महान् हुनुहुन्छ

परमेश्वर हामीले कल्पना गर्न सक्ने भन्दा महान् हुनुहुन्छ । यशैया अगमवक्ताको कुरा सुनौं :

यशैया ४०:१०-१५ **"उहाँका हातको गहिराइमा कसले पानीको नाप गरेको छ, अथवा कसले स्वर्गलाई हातले नापेको छ ... ? निश्चय नै देशहरू त बाल्टीनमा खस्ने पानीको थोपा जस्तै हुन् ।"** यसको अर्थ यदि तपाईं परमेश्वरको सन्तान हुनुहुन्छ भने,
भजन ४६:१ तपाईंसित धेरै शक्तिशाली पिता र पुत्र हुनुहुन्छ । उहाँ तपाईंको शरण
लूका १०:१९ र बल हुनुहुन्छ, अनि तपाईंलाई सहायता गर्न सधैं तयार हुनुहुन्छ ।



## परमेश्वर कस्तो हुनुहुन्छ ? (बाँकी अंश)

### परमेश्वर पवित्र र धर्मी हुनुहुन्छ

परमेश्वर पवित्र र धर्मी दुवै हुनुहुन्छ। यसको अर्थ कुनै पनि गल्ती वा पापमय कुरालाई घृणा गर्नुहुन्छ। संसार उहाँले सृष्टि गर्नुभयो, अनि प्रकृति र एकअर्कासित कसरी मिलेर बस्ने भनी जान्नुहुन्छ। यो संसार र अरू मानिसलाई नाश गर्ने अधिकार हामीलाई छैन। यसकारण यो संसार र अरू मानवलाई रक्षा गर्न अनि खराबबाट बच्न परमेश्वरले हामीलाई नियमहरू दिनुभएको छ।

व्यवस्था ४:२४ बाइबलले परमेश्वर आगो हुनुहुन्छ भनी बताउँछ : **"किनकि तिमीहरूका परमेश्वर भष्म पार्ने आगो हुनुहुन्छ।"** कसैले पनि उहाँलाई भेटेर जीवित रहन सक्दैन, किनकि सबै मानिस पापपूर्ण छन्। यसको अर्थ के हो ? के कसैले परमेश्वरलाई जान्न र जिउन मौका पाउला ? हो, येशू ख्रीष्टद्वारा, हाम्रो जीवनका सबै गलत कुराहरूको बाबजुद, उहाँसित संगतिमा जिउने बाटो परमेश्वरले सृष्टि गर्नु भएको छ। (यो कुरा अर्को पाठमा व्याख्या गरिनेछ।)

## ३ म परमेश्वरलाई कसरी चिन्न सक्छु ?

### • बाइबलद्वारा

परमेश्वरलाई जान्न सकिने सबभन्दा असल ज्ञानको श्रोत भनेको बाइबल हो।
भजन ११९:१३० बाइबल परमेश्वरको वचन हो र यसले परमेश्वरको बारेमा हामीले जान्नुपर्ने सबै कुरा बताउँछ। परमेश्वरको वचनले सिकाएजस्तो, यसले ज्योति दिन्छ। यसकारण, यी पाठहरूमा भएका सबै कुरा बाइबलमा आधारित छन्। बाइबलले सत्य बताउँछ र हामी यसमा भर पर्न सक्छौं।

### • पवित्र आत्माद्वारा

यूहन्ना १६:१३ पवित्र आत्मा परमेश्वर हुनुहुन्छ। यो पाठ अध्ययन गर्न उहाँले नै तपाईंलाई सहायता गर्नुभयो। बाइबल पढ्दा बुझ्नको लागि उहाँले तपाईंलाई सहायता गर्नुहुन्छ। "पवित्र आत्माले तिमीलाई सत्यतामा अगुवाइ गर्नुहुनेछ।" आजदेखि यसरी प्रार्थना गर्न सक्नुहुन्छ ?

***पवित्र आत्मा, परमेश्वरको वचन मलाई खोलिदिनुहोस् ताकि म यसलाई बुझ्न र यसमा बढ्न सकूँ। येशूको नाममा, आमेन्।***

**बधाइ**
तपाईंले पहिलो पाठ अध्ययन गर्नुभयो।
तपाईंले गर्नु कामहरू यसमा छन्। सत्य खोज्न र सिकेको कुरा लागू गर्न बाइबल खोजले तपाईंलाई सहायता गर्दछ।

## बाइबल खोज

**अभ्यास १ :** भजन ६२ र १०३ मा भएका परमेश्वरको सबै बयानको तालिका बनाउने ।

**अभ्यास २ :** एक परमेश्वर भनेको त्यही हो जसमा तपाईं भरोसा राख्नुहुन्छ । आज तपाईंका परमेश्वरहरू को को छन् ?

## बाइबल खोज *(बाँकी अंश)*



**अभ्यास ३ : उत्पत्ति १-२ मा भएको सृष्टिबारे धेरै महत्वपूर्ण कथा पढ्नुहोस् । आफ्नो सारांश लेख्नुहोस् :**



**अभ्यास ४ : परमेश्वर पिताले तपाईंको वास्ता गर्नुहुन्छ । तपाईंका व्यक्तिगत खाँचो र समस्याहरूका बारेमा धर्मशास्त्रका पद निम्नानुसार छन् । तपाईंको बाइबलमा यी खण्डहरू चिन्ह लगाउनुहोस् (वा अधोरेखाङ्कित गर्नुहोस्) र तीनलाई लेख्नुहोस् ।**

| | |
|---|---|
| *शान्ति :* | यूहन्ना १४:२७ |
| *चंगाइ :* | प्रस्थान १५:२६, मत्ती ८:१७, १ पत्रुस २:२४ |
| *खाना र बास :* | मत्ती ६:२५-३३ |
| *क्षमा :* | १ यूहन्ना १:९ |
| *डर :* | यशैया ४१:१० |
| *आनन्द :* | यशैया ६१:३ |
| *एक्लोपन :* | मत्ती २८:२० |
| *बल :* | रोमी ८:११ |

**असल !**
हामीले सिकेका कुरा लिएर जीवनमा लागू गर्ने बेला हो ।



## काम गर्ने समय

**विश्वासले आफैंलाई काममा प्रकट गर्छ (याकूब २:१७)**

हरेक पाठमा केही व्यवहारिक काम गर्छौं किनकि यदि पढ्ने, बोल्ने वा सोच्ने मात्र गरेर काम कहिल्यै नगर्ने हो भने तपाईंको विश्वास काम लाग्दैन ।



### • प्रशंसाको पाठशाला

**परमेश्वरलाई प्रशंसा गर्नु र धन्यवाद दिनु धेरै महत्वपूर्ण छ ।**

**अब, उहाँलाई प्रशंसा गर्न सिकौं :**

✔ तपाईंका पुस्तक र कामलाई **एकातिर पन्छाउनुहोस् ।**

✔ सक्नुहुन्छ भने: **उभिनुहोस्** वा परमेश्वरको आदरमा **घुँडा टेक्नुहोस्** ।

✔ **हातहरू उचाल्नुहोस्,** आँखा बन्द गर्नुहोस्, र यसो भन्न थाल्नुहोस् : “परमेश्वर... को लागि धन्यवाद”, अनि उहाँले गर्नुभएका सारा अचम्मका कामहरू लागि शब्दमा उहाँलाई धन्यवाद दिनुहोस् ।

✔ चाहनुहुन्छ भने, भजन ६३ को वचन प्रयोग गर्नुहोस् :

***तपाईं नै मेरो परमेश्वर हुनुहुन्छ, तपाईंलाई निरन्तर खोज्दछु,***
***तपाईंको तृष्णा गर्छु, मेरो सारा जीवनले तपाईंको लालसा गर्दछ ....***

*(तपाईंको बाइबलमा पत्ता लगाउनुहोस् । अनि भजन २३, ९१, १५० आदि प्रयोग गर्न सक्नुहुन्छ ।)*

---

तपाईंको बाँकी जीवनमा यसरी **दैनिक एकपटक** गर्ने गर्नुहोस् । परमेश्वरको प्रशंसा गर्दै दिनको शुरुवात गर्न असल हुन्छ ।

भोलि बिहान १५ मिनेट अघि नै **जनाउ घडी मिलाउनुहोस्** र परमेश्वरको प्रशंसा गर्दै त्यो समय बिताउनुहोस् । उहाँले तपाईंलाई निराश पार्नुहुनेछैन ।

**उहाँलाई सँगसँगै प्रशंसा गर्नुहोस् ।**

अरू विश्वासीहरूसित मिलेर परमेश्वरलाई सँगसँगै प्रशंसा गर्न थाल्नुहोस् । सायद यसलाई नियमित रुपमा गर्न सक्नुहुन्छ - यसले तपाईंको जीवनलाई परिवर्तन गर्नेछ । (प्रेरित २:४६, ४७)

## *कण्ठस्थ समय*

### परमेश्वरको वचन कण्ठस्थ गरेर बोल्नुहोस्

हरेक पाठ कण्ठ गर्ने बाइबल पदबाट निश्कर्षमा पुग्छ । तिनलाई कागजको टुक्रामा लेखी हरेक दिन त्यसलाई धेरै पटक पढ्नुहोस् - गाडीमा हुँदा, खाली समयमा वा खाना खाने समय परिवारसित सँगसँगै ।

**“परमप्रभुलाई धन्यवाद देऊ, किनकि उहाँ भलो हुनुहुन्छ । उहाँको प्रेम सदा रहन्छ ।”** (भजन १३६:१)

**“प्रेम यही हो : हामीले परमेश्वरलाई प्रेम गरेको कारण होइन, तर परमेश्वरले हामीलाई प्रेम गर्नुभयो र हाम्रो पापको प्रायश्चितको लागि उहाँका पुत्र पठाउनुभयो ।”** (१ यूहन्ना ४:१०)

# येशू अचम्मको मुक्तिदाता हुनुहुन्छ

**यो पाठको बारेमा :**

जीवनको ढोकाको दोश्रो पाठमा स्वागत छ। हामीलाई विश्वास छ कि तपाईंको बाइबलद्वारा परमेश्वर तपाईंसित बोल्दै हुनुहुन्छ। निश्चय नै उहाँ निरन्तर तपाईंसित बोल्नुहुनेछ। तपाईंलाई सहायता गर्नका लागि पवित्र आत्मा हुनुहुन्छ।

आजका विषयहरू छन् :

- **परमेश्वर तपाईंलाई आफ्नै बालकजस्तो चाहना गर्नुहुन्छ।**
- **पापले तपाईंलाई परमेश्वरबाट टाढा पार्छ।**
- **तपाईं येशूद्वारा बचाइन सक्नुहुन्छ।**



## १ परमेश्वर तपाईंलाई उहाँको सन्तान भएको चाहनुहुन्छ

### परमेश्वर साँच्चै नै तपाईंलाई उहाँको सन्तान भएको चाहनुहुन्छ

१ तिमोथी २:४
प्रकाश २०:१५
लूका १०:२०
यूहन्ना ११:२५

परमेश्वर अचम्मको पिता हुनुहुन्छ। उहाँ हरेक मानिस, स्त्री र बालक उहाँमा आएर बचाइएको चाहनुहुन्छ। तपाईंको नाम जीवनको पुस्तकमा लेख्न चाहनुहुन्छ, र तपाईंलाई अनन्त जीवन दिन चाहनुहुन्छ। यसपछि, तपाईं आजै मर्नुभए तापनि, बचाइनुहुनेछ। आजको पाठको लक्ष्य यो हो कि परमेश्वरले तपाईंलाई स्वीकार्नु भएको छ भन्ने कुरा भित्रि हृदयमा जान्नुपर्दछ। तर पहिला केही बाइबल सत्यताहरू व्याख्या गर्नुपर्छ जसले तपाईंको जीवनलाई परिवर्तन गर्दछ।

### परमेश्वर तपाईंलाई शत्रुबाट बचाउन चाहनुहुन्छ

परमेश्वर र तपाईंको एउटा शत्रु छ। त्यसले जहिले पनि परमेश्वरको विरोध गर्छ र त्यसको नाम शैतान हो। यसको नामको अर्थ दोष लगाउने हो। शैतानले तपाईंलाई स्वतन्त्र हुन, खुशी हुन र परमेश्वरको सन्तान हुनबाट रोक्न चाहन्छ। त्यो चोर्न र मार्न र नाश गर्न मात्र आउँछ। तर चिन्ता नगर्नुहोस्। शैतानलाई कसरी व्यवहार

यूहन्ना १०:१०

## परमेश्वर तपाईंलाई शत्रुबाट बचाउन चाहनुहुन्छ *(बाँकी अंश)*

गर्ने भनी परमेश्वर जान्नुहुन्छ। विजय त पहिला नै येशूद्वारा भैसकेको छ, र उहाँ तपाईंलाई अनन्त जीवन दिन आउनुभएको छ। यो जीवन तपाईं लगायत सबैका लागि हो। यसलाई स्पष्ट पार्न, मानिसलाई शैतानले कसरी समात्छ भन्ने स्पष्ट पार्नुपर्छ अनि तपाईं कसरी त्यसको शक्तिबाट स्वतन्त्र हुनुभयो भनी हेर्नुपर्छ। अन्तसम्म पढ्नुहोस् र तपाईंको लागि परमेश्वरको समाधान के छ भनी देख्नुहुनेछ।

## २ शुरुमा, सबैकुरा सिद्ध थियो

उत्पत्ति १:२६, २७
उत्पत्ति १:३१
उत्पत्ति १ -२
सबै पढ्ने)

शुरुमा पाप थिएन। परमेश्वरले पुरुष र स्त्री, आदम र हब्बा सृष्टि गर्नुभयो। उहाँले बनाउनुभएको सारा कुरामा यिनीहरू उच्चतम रूप थिए। अनि उहाँले यसलाई धेरै असल देख्नुभयो।

आदम र हब्बालाई उहाँले पूर्ण स्वतन्त्रता दिनुभयो। अचम्मको संसार तिनीहरूलाई दिनुभयो र तिनीहरूका सारा चाहना पूरा भए। उनीहरूका खुशी, स्वास्थ्य र बस्नलाई गजबको स्थान थियो र चाहे जति खान सक्ने फलफूल भएको बगैंचा थियो। सबभन्दा असल त परमेश्वर स्वयम्सित उनीहरूको सधैं गहिरो संगति थियो। आदम र हब्बा परमेश्वरका सन्तान थिए र उहाँका मित्र थिए। दिनको शीतल भागमा परमेश्वर उनीहरूसित सँगै हिँड्नुहुन्थ्यो भनी बाइबलले बताउँछ। यतिमै रोकिएर परमेश्वरसित यस्तो सुन्दर बगैंचामा सँगै हिँडेको कल्पना गर्नुहोस्।

## ३ सही र गलत गर्ने स्वतन्त्रता

परमेश्वर अचम्मको पिता हुनुहुन्छ र उहाँका सन्तान स्वतन्त्र भएको चाहनुहुन्छ।




उत्पत्ति २:८

यसैले पृथ्वीमा सृष्टि गर्नु भएका सबै कुरामा स्वतन्त्र मौका दिनुभयो : सबै सुन्दर रूख अनि पानीका मुहानहरू। जनावरमाथि अधिकार गर्न र उहाँको सृष्टिमा आनन्द मनाउन अधिकार दिनुभयो। केवल एउटा कुरा -उनीहरू असल र खराबको ज्ञानको रूखलाई छुनु हुन्नथियो। यो विशेष रूख थियो। यसबाट खाएमा उनीहरू अनन्त रुपमा मर्नेथिए। यसले तिनीहरूलाई नाश गर्छ भन्ने कुरा परमेश्वरलाई थाहा थियो र यसबाट उनीहरूलाई बचाउन चाहनुहुन्थ्यो।

उत्पत्ति २:१७

त्यहाँ यो मात्र साधारण एउटा

नियम थियो । तर जब नियम दिइन्छ भने छनौट हुन्छ । कि त पालन गरिन्छ कि त उल्लंघन । छान्न सकिन्छ तर निश्चय नै छनौटको परिणाम भोग्नुपर्छ । यहीँबाट दु:खलाग्दो कथाको अंश शुरु हुन्छ ।

## ४ तिनीहरूले पाप गरून् भनी शैतानले तिनीहरूलाई मुर्ख बनायो

उत्पत्ति ३:१-६

सर्पको रूपमा शैतान प्रवेश गऱ्यो । त्यसले मौका छोप्यो । आदम र हब्बालाई छल्न सकेमा, उनीहरूले परमेश्वरको विरोध गर्नेथिए । परमेश्वरले भन्नुभएको कुरामा त्यसले झूटो बोल्यो । त्यो रूखको फल खाएमा उनीहरू परमेश्वर जस्तै हुनेछन् भन्ने कुरामा विश्वास दिलायो । उनीहरूलाई झूटको पोको नै दिएर मूर्ख बनायो । तर त्यसले बोलिरहेको खराब कुराको लागि उनीहरूभित्र केही कुरा भोको थियो ।

परमेश्वरले यसबाट नै बचाउन चाहनुहुन्थ्यो । परमेश्वरले भन्नुभएको र उनीहरूका लागि गर्नुभएको सबै कुरा आदम र हब्बाले बिर्से । उनीहरूले पिता र मित्रको स्वर सुन्नको साटो शैतानको स्वर पालना गरे । तिनीहरूका खराब चाहनाले तिनीहरूलाई तानेर लग्यो ।

याकूब १:१४

तिनीहरूलाई सदाको लागि आत्मिक मृत्युमा बाँधिएको परमेश्वरले चाहनुभएन, यसैले जीवनको रुखको फल खानबाट तिनीहरूलाई रोक्नुभयो । पापमा फस्ने कुरा वास्तविकता भयो र अचानक घटेको ठूलो घटना थियो ।

## ५ परमेश्वरबाट अलग भएका

आदम र हब्बाले तुरुन्तै यो बगैंचा छोड्नुपऱ्यो । **सबभन्दा दु:ख लाग्दो कुरा चाहिँ अबदेखि परमेश्वरसित संगति नहुने भयो ।** उनीहरूभित्र भएको ईश्वरीय जीवनद्वारा उनीहरूमा मृत्यु आयो । ज्योति निभाएझैं भयो । शैतानको

याकूब १:१५

योजना सफल भयो : "खराब इच्छाले गर्भधारण गरेपछि, पापलाई जन्म दिन्छ, अनि पाप पूरा बढेपछि, मृत्युलाई जन्म दिन्छ ।"



## परमेश्वरबाट छुटेका (बाँकी अंश)

कलस्सी १:१३, १४




**अब दुईओटा विपरित राज्यहरू भए : परमेश्वरको र शत्रुको ।** आदम र हब्बा परमेश्वरबाट छुटेपछि, अन्धकारको राज्यका भए ।

एफिसी २:१, २

बाइबलले भन्दछ : "तिमीहरू आफ्नो कुइच्छा र पापमा मरेका थियौ ... त्यसको पछि लागेपछि ... अनाज्ञाकारीहरूमा काम गर्ने आत्मा, आकाशको राज्यका शासकले काम गर्दछ ।"

परमेश्वरले आदम र हब्बालाई दिनुभएको सर्वोत्तम जीवन परिवर्तन भयो । काम गाह्रो भयो र खानेकुरा प्राप्त गर्न संघर्ष भयो । मृत्युले राज गर्न थाल्यो । ईर्ष्याको कारण हब्बाको पहिलो छोराले उसकै भाइलाई मार्‍यो । मानिसका सारा सोचहरू दुष्ट भए । उनीहरूले यौनका पाप गरे, घमण्डले भरिए । पापको प्रभाव फैलन थाल्यो ।

उत्पत्ति ४:१-१२

## ६ तपाईं र मैले पाप गरेका छौं

रोमी ३:२३

त्यसपछि, आदमका सारा सन्तान -हामी सबैले - पाप गरेका छौं । बाइबलले यो स्पष्टसित भन्दछ : "किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् ।" तपाईं आफैभित्र यो थाहा गर्नुहुन्छ । तपाईंलाई यो थाहा नै छ । किनकि सबै भनेको सबै नै हो । हरेक पुरुष, स्त्री, र बालक । यस्तो अवस्थामा छोडिएका हौं भने, आदम र हब्बाजस्तै, हामी अनन्त मृत हुनेछौं । तर परमेश्वर भलो हुनुहुन्छ । शैतानको अन्तिम वचन छैन । परमेश्वरको बचाउने योजना थियो, र त्यो अन्तिम वचनचाहिँ येशू हो ।

## ७ येशू - पूर्ण समाधान

परमेश्वर के गर्नुहुन्छ होला ? उहाँले आफ्नो मित्र र सन्तान गुमाउनुभएको थियो, आदम र हब्बाले उहाँलाई छोडेका थिए । त्यसले गर्दा सबै मानवलाई अन्धकारको शक्तिमुनि ल्याएको थियो । उनीहरूका आफ्नै शक्तिले उम्कन सक्दैनन् भन्ने कुरा परमेश्वरलाई थाहा थियो । उनीहरूले पाप गरेकाले तिनीहरूमाथि शैतानको पकड थियो भनी उहाँलाई थाहा थियो ।




## एक मात्र बाटो

मानिसहरूलाई अनन्त मृत्युबाट बचाउने एउटा मात्र बाटो थियो । कसैले तिनीहरूका पाप लिनुपर्नेथियो, र उनीहरूलाई छुटकारा गर्नुथियो । त्यो कुरा एक जनाले मात्र गर्न सक्नुहुनेथियो, परमेश्वरका आफ्नै पुत्र, येशू ।

यूहन्ना ३:१६ **"किनकि परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एक मात्र पुत्रलाई दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।"**

परमेश्वरलाई प्रशंसा होस् । परमेश्वरल आफ्नो पुत्र दिनुभयो र इतिहासलाई परिवर्तन गर्नुभयो । येशूद्वारा परमेश्वरसित संगति हुने सम्भावना हामीलाई भयो ।

## मुक्ति

येशूद्वारा परमेश्वरले गर्नुभएको कामलाई मुक्ति भनिन्छ । येशू निर्दोष हुनुहुन्थ्यो, तर तपाईंको साटो भयानक मृत्यु सहनुभयो ।

येशूले पाप गर्नुभएको थिएन, तर तपाईंको पाप आफूमा लिनुभयो ।

२ कोरिन्थी ५:२१ येशूमा कुनै विराम थिएन, तर तपाईंको विराम आफूमा लिनुभयो ।

१ पत्रुस २:२४ तपाईंले कल्पना गर्न सक्ने सबभन्दा स्वतन्त्र, खुशी, र फलदायी व्यक्ति हुन मर्नुभयो ।

येशू तपाईंको साटोमा मर्नुभयो । तपाईंलाई अन्धकारको शक्तिबाट स्वतन्त्र गर्नको लागि उहाँले यसो गर्नुभयो - **अन्धकारको राज्यबाट ज्योतिको राज्यमा सार्नलाई हो ।** जहाँ जहाँ येशू जानुभयो, त्यहाँ डरले, अशुद्धताले र विरामीले सताइएका मानिसहरूबाट दुष्ट आत्मा हटाउनुभयो (मत्ती ८:१६) । येशू आज पनि उही हुनुहुन्छ । यदि तपाईं खराब आत्माद्वारा बन्धनमा हुनुहन्छ भने, उहाँले तपाईंलाई अहिले छुटाउनुहुनेछ । पुकारा गर्नुहोस् : "येशू, मलाई सहायता गर्नुहोस् ।" तपाईंलाई छोडिदिन शैतानलाई आदेश दिनुहोस्: "येशूको नाममा म आदेश दिन्छु कि तँ शैतान मलाई छोडेर गइहाल् । येशूको रगतद्वारा हुने सुरक्षा म दाबी गर्छु ।" अनि यो विजयको लागि परमेश्वरलाई धन्यवाद दिनुहोस् ।

येशू मर्नुहुँदा, आदमको पापबाट भएका सबै दुष्टताबाट तपाईंलाई स्वतन्त्र गर्नुभयो :

यशैया ५३
अध्याय पढ्ने

- पाप
- विरामीपन
- दुष्ट आत्मा
- तपाईंलाई बन्धन गर्ने हरेक कुरा

## बाइबल खोज

***तपाईंले गर्नुपर्ने कुराहरू यहाँ छन् । यसले परमेश्वरको वचन अझ राम्ररी बुझ्न सहायता गर्नेछ ।***



### अभ्यास १ : पाप के हो ?

पाप भनेको परमेश्वरको आज्ञा उल्लंघन गर्नु हो । दश आज्ञामा के ठीक र के बेठीक हो परमेश्वरले भन्नुहुन्छ (प्रस्थान २०:३-१७) । तलको खाली ठाउँमा, ती कसरी तपाईंको जीवनमा लागू हुन्छ भनेर लेख्नुहोस् ।

प्रस्थान २०:३ "म बाहेक तिमीहरूको अर्को परमेश्वर छैन ।"

---

प्रस्थान २०:४ "पृथ्वीमाथि वा पानीमुनि भएका कुनै पनि कुराको मूर्ति आफ्नो लागि नबनाउनू ।"

---

प्रस्थान २०:७ "तैंले परमप्रभु आफ्नो परमेश्वरको नाम व्यर्थमा नलिनू, किनकि उहाँको नाम ब्यर्थमा लिने कसैलाई निर्दोष छोड्नु हुनेछैन ।" *(आदरविना उहाँको नामको प्रयोग ।)*

---

प्रस्थान २०:८-१० "सबाथ दिनलाई पवित्र राख्न सम्झना गर । छ दिन मेहनत गर्दै आफ्नो काम गर्छौं, तर सातौं दिन परमप्रभु तिम्रो परमेश्वरको सबाथ हो ।" *(विश्वासीहरू आइतवारलाई आराधना र विश्रामको लागि लिन्छन् ।)*

---

प्रस्थान २०:१२ (एफिसी ६:२,३) "आफ्नो बुबा र आमाको आदर गर । त्यसपछि तिमीहरूको आयु लामो हुनेछ ।"

---

प्रस्थान २०:१३ (मत्ती ५:२२) "तैंले हत्या नगर्नू ।"

---

प्रस्थान २०:१४ (मत्ती ५:२८) "तैंले व्यभिचार नगर्नू ।"

---

प्रस्थान २०:१५ (एफिसी ४:२८) "नचोर्नू ।"

---

प्रस्थान २०:१६ (याकूब४:११, कल ३:९) "आफ्नो छिमेकीको विरुद्धमा झुटो गवाही नदिनू ।"

---

प्रस्थान २०:१७ (लूका १२:१५) "तैंले छिमेकीको घरको लोभ नगर्नू । छिमेकीको पत्नी, वा स्त्री कि पुरुष नोकर, उसको गोरु कि गधा, वा छिमेकीको केही कुराको लोभ नगर्नू ।"

---

**अभ्यास २: पापको जरा**

माथि उल्लेख नभएका पापहरू पनि छन्, तर सबै पापपूर्ण कामको लागि समान जरा छ । यो जरा के हो ? यूहन्ना १६:९ हेर्नुस् ।

---

*यसैले पापबाट छुटकारा पाउनका लागि येशूमा विश्वास गर्नुपर्छ ।*

**अभ्यास ३: पापी को हो ?**

रोमी ३:२३ पढ्नुहोस् र आफ्नो उत्तर लेख्नुहोस् ।

---

**अभ्यास ४: पापको परिणाम के हो ?**

रोमी ६:२३ पढ्नुहोस् र आफ्नो उत्तर लेख्नुहोस् ।

---

## बाइबल खोज *(बाँकी अंश)*

### अभ्यास ५: परमेश्वरले तपाईंलाई क्षमा दिनुहुन्छ

येशूद्वारा तपाईंलाई पापको क्षमा छ । हल्लेलुया । तलको बाइबल पदहरू पढ्नुहोस् र उद्धार, क्षमा, पापजस्ता शब्दलाई चिन्ह लगाउनुहोस् :

मत्ती १:२१ (येशू नामको अर्थ मुक्ति हो ।)
“तिनले एउटा पुत्र जन्माउनेछिन्, अनि तिमीले उहाँको नाम येशू राख्नू, किनकि तिनीहरूका पापबाट उहाँले तिनीहरूलाई बचाउनुहुनेछ ।”

मत्ती २६:२८
“यो मेरो करारको रगत हो, जुन धेरै जनाको पापको क्षमाको लागि बगाइएको छ ।”

प्रेरित १०:४३
“उहाँमा विश्वास गर्ने हरेकले उहाँको नामद्वारा पापको क्षमा पाउनेछ भनी सबै अगमवक्ताले गवाही दिन्छन् ।”

प्रेरित १३:३८
“यसकारण मित्र हो, येशूद्वारा पापको क्षमा घोषणा गरिएको भनी तपाईंहरूलाई जानकारी होस् भन्ने चाहन्छु ।”

### अभ्यास ६: परमेश्वर पापलाई घृणा गर्नुहुन्छ तर पापीलाई प्रेम गर्नुहुन्छ

पापीले पश्चात्ताप गर्दा के हुन्छ ? लूका १५:१० हेर्नुहोस् ।

## अभ्यास ७: येशूले तपाईंको लागि सबैकुरा गर्नुभयो, ताकि तपाईं बचाइनु होस्

१ पत्रुस २:२४ पढ्नुहोस् र खाली भर्नुहोस् :

उहाँ (येशू) ले हाम्रो ______________________

उहाँको शरीरमा ____________________ मा बोक्नुभयो ताकि हामी पापमा

_________________ हुन सकौं र जे ठीक छ त्यसको लागि ______________

हुन सकौं ।

यूहन्ना १:२९ ले भन्छ: अर्को दिन येशूलाई आफूतिर आइरहनुभएको यूहन्नाले देखे र भने, “हेर, परमेश्वरको थुमा, जसले संसारको पाप उठाइलानुहुन्छ ।”

किन येशूलाई “परमेश्वरको थुमा” भनिन्छ ?

__________________________________________________________

__________________________________________________________

यूहन्ना ३:१६ पढ्नुहोस् अनि तल लेख्नुहोस् ।
यो पद कण्ठ गर्नुहोस् ।

__________________________________________________________

__________________________________________________________

__________________________________________________________


__________________________________________________________

__________________________________________________________

## कामको समय

### येशू तपाईंको लागि मर्नुभयो - तपाईंको जीवन परिवर्तन गर्न सक्नुहुन्छ ।

कलस्सी १:१४




लूका १५:२०

येशूले गर्नुभएका सबैकुरा तपाईंको लागि गर्नुभयो । परमेश्वर तपाईंलाई बचाइएको चाहनुहुन्छ, ताकि तपाईं उहाँसित जिउनुहनेछ । तपाईंको मुक्तिको लागि गर्नुपर्ने १०० प्रतिशत काम येशूले पूरा गर्नुभएको छ ।

सुन्नुहोस् । आज परमेश्वरले अचम्मको उपहार दिँदै हुनुहुन्छ । तपाईं परमेश्वरको सन्तान हुन सक्नुहुन्छ । यदि मुक्तिको लागि तपाईंले प्रार्थना गर्नुभएको छ भने, तर उत्तर पाएकोमा निश्चित छैन भने, तपाईं परमेश्वरको सन्तान हुनुहुन्छ भनी भित्री गहिराइमा थाहा पाएको चाहनुहुन्छ । साथै, तपाईंलाई चंगाइ गर्न चाहनुहुन्छ ।

***तपाईंको सारा जीवनभरि परमेश्वरले तपाईंलाई पर्खँदै आउनुभएको छ !***
जब तपाईं आउनुहुन्छ, उहाँले हजारौं प्रश्नहरू सोध्नुहुनेछैन । केवल: "के तिमी यो उपहार चाहन्छौ ?" तपाईंलाई अचम्मको नयाँ जीवन उपहार दिन चाहनुहुन्छ - अहिले ।

## यसो गर्नुहोस्

मत्ती ७:७, ८

- **परमेश्वरसित कुरा गर्नुहोस् -तपाईंको कुरा सुन्न सक्नुहुन्छ**

परमेश्वरले वचनमा प्रतिज्ञा गर्नुभएको छ कि हामीले उहाँसित कुरा गर्दा सुन्नुहुनेछ, प्रार्थना गर्दा, तपाईंको कुरा सुन्नुहुन्छ । अनि प्रतिज्ञा गर्नुभएको कुरा उहाँले गर्नुहुनेछ ।

- **परमेश्वरको कुरा सुन्नुहोस्**

प्रेरित १६:३१ **"प्रभु येशूमा विश्वास गर, अनि तिमी बचाइनेछौ ।"**

यूहन्ना ६:३७ **"पिताले मलाई दिनुभएका सबैजना मकहाँ आउनेछन्, र जो मकहाँ आउँछन् ती टाढा जानेछैनन् ।"**

प्रकाश ३:२० **"हेर । म ढोकामा उभिएर ढक्ढकाउँछु । यदि तिमीले मेरो स्वर सुनेर ढोका खोल्यौ भने, म भित्र आउनेछु, र हामी मित्रको रुपमा सँगै भोजन गर्नेछौं ।"**

तपाईं परमेश्वरलाई प्रार्थना गर्नुहुन्छ

## पुरानो जीवनबाट स्वतन्त्रता

"पिता, म तपाईंमा आउँदछु ।

अन्धकारको राज्यबाट ज्योतिको राज्यमा मलाई सार्ने प्रतिज्ञाको लागि धन्यवाद ।

म पापी हुँ भनी म जान्दछु । म दुःखी छु । कृपया मेरो पाप क्षमा दिनुहोस् ।

मेरो पुरानो जीवन छोडेर तपाईंसित नयाँ जीवनमा प्रवेश गर्दछु ।"

परमेश्वरले उत्तर दिनुहुन्छ, हुन्छ ।

## परमेश्वरले उत्तर दिनुहुन्छ

येशू "आफैले शरीरमा हाम्रो पाप क्रूसमा बोक्नुभयो ताकि हामी पापको लेखी मरेर धार्मिकताको लागि जिउन सकौं ।"

*१ पत्रुस २:२४*

"उहाँले हाम्रा सारा पाप क्षमा गर्नुभयो । हाम्रो विरुद्धका सारा तमसुक रद्ध गरिदिनुभयो र क्रूसमा टाँगिएर ती लिनुभयो ।"

*कलस्सी २:१३,१४*

तपाईं चर्को स्वरले भन्नुहुन्छ

## येशू नै तपाईंको एकमात्र प्रभु भनी स्वीकार गर्नुहुन्छ

"आजको दिनदेखि, नासरतको येशू नै मेरो प्रभु हुनुहुन्छ । अरू सबै देवहरू त्यागिदिन्छु, र मेरो जीवनभरि येशूलाई सेवा गर्न चाहन्छु ।"

सही ______________ मिति ______________

परमेश्वरले हुन्छ, भन्नुहुन्छ

## परमेश्वर प्रतिज्ञा गर्नुहुन्छ

"तिम्रो मुखले येशूलाई प्रभु भनी स्वीकार्छौ र उहाँलाई परमेश्वरले मृत्युबाट उठाउनुभयो भनी हृदयले विश्वास गर्छौ भने तिमी बचाइनेछौ ।"

*रोमी १०:९, १०*

"हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अरू कुनै नाउँ दिइएको छैन ।"

*प्रेरित ४:१२*

तपाईं पाउनुहुनेछ ।

## तपाईंलाई दिनुभएको सबै कुराको लागि परमेश्वरलाई धन्यवाद दिन शुरु गर्नुहोस्

- ***तपाईं बचाइनु भएको छ***

**भन्नुस् :** "प्रभु धन्यवाद, मेरो पापको पुरानो जीवनबाट तपाईंले मलाई बचाउनु भएको छ । हल्लेलुया !"

- ***तपाईं चंगाइ हुनुभएको छ***

तपाईं बचाइनुहुँदा, येशूले तपाईंको विरामीपनलाई पनि लिनुभयो । "उहाँका चोटहरूद्वारा तपाईं निको हुनुभएको छ ।" (१पत्रु २:२४) । तपाईंको शरीरमा चंगाइको लागि उहाँलाई धन्यवाद दिन थाल्नुहोस् ।

**भन्नुस् :** "धन्यवाद प्रभु येशू, तपाईंले मेरो विरामीपनलाई क्रूसमा बोक्नुभयो । सारा रोगबाट म चंगाइ पाउँछु ! हल्लेलुया" (मत्ती ८:१७) !

- ***तपाईं स्वतन्त्र गराइनु भएको छ***

"यदि पुत्रले स्वतन्त्र गर्दछ भने, तिमी साँच्चै स्वतन्त्र हुनेछौ" (यूहन्ना ८:३६) ।

**भन्नुस् :** "धन्यवाद प्रभु किनकि सबै बन्धन पार्ने शक्तिबाट म पूरा स्वतन्त्र भएको छु ! वास्तवमा म स्वतन्त्र छु !!"

## प्रशंसा समय

**अब परमेश्वरको प्रशंसा होस् ।**
**तपाईंलाई गर्नुभएको सबै कुराको लागि उहाँलाई धन्यवाद दिनुहोस् ।**

**मेरो लागि गर्नुभएको सबैकुराको लागि तपाईंलाई प्रशंसा र धन्यवाद दिन्छु ।**
**तपाईं भलो परमेश्वर हुनुहुन्छ ।**
**म बचाइएको लागि धन्यवाद, अनि आज राती मरे तापनि,**
**म तपाईंसित स्वर्गमा हुनलाई जानेछु ।**
**हल्लेलुया ।**

(परमेश्वरले प्रेम र धन्यवादका अरु शब्दहरू दिनुहुनेछ ।
प्रशंसाको समय भनेको कुनै पनि बेला हो ।)

## कण्ठस्थ समय

**परमेश्वरको वचन कण्ठस्थ गरेर भन्नुहोस्**

यो हप्ता कण्ठस्थ गर्नलाई बाइबल पद यहाँ छ । यसलाई ठूलो स्वरमा धेरै पटक पढ्नुहोस् । यस पाठबाट अरु दुईओटा बाइबल पद पत्ता लगाएर कण्ठस्थ गर्नुहोस् ।

**"यदि कोही** (तपाईंको नाम लेख्नुस् ______________________________)
**खीष्टमा छ भने, ऊ नयाँ सृष्टि हो, पुरानो बितिगएको छ,**
**हेर नयाँ आएको छ ।"** *२ कोरिन्थी ५:१७*

# तपाईं पवित्र आत्माले भरिन सक्नुहुन्छ

**यो पाठको बारे :**

बाइबलले भन्छः "आत्माले भरपूर होओ" (एफिसी ५:१८)। यसको अर्थ येशूलाई पछ्याउने सबैलाई पवित्र आत्मा चाहिन्छ। तपाईंले पवित्र आत्मा पाउँदा परमेश्वरको शक्ति पाउनुहुन्छ र तपाईंको जीवन परिवर्तन हुन्छ।

आजका विषयहरू :

- **पवित्र आत्मा को हुनुहुन्छ ?**
- **किन तपाईंलाई पवित्र आत्मा चाहिन्छ ?**
- **कसरी पवित्र आत्माले भरिने ?**



## १ पवित्र आत्मा को हुनुहुन्छ ?

परमेश्वरलाई प्रशंसा होस्। अब तपाईं बचाइनुभएको छ। येशू ख्रीष्टलाई विश्वासद्वारा पाउनुभएको छ। तपाईंले लिने यही नै सबभन्दा महत्वपूर्ण निर्णय हो। (तपाईं बचाइनुभएको छ कि छैन भनी अलमलमा हुनुहुन्छ भने पाठ दुई दोहोऱ्याउनुहोस्।)

येशूलाई पाउँदा, केही थाहा नभए तापनि, तपाईंलाई केही तुरुन्तै भयो। ख्रीष्टमा तपाईंको के छ भनी जान्न जीवनभर समय लाग्छ। आज पवित्र आत्माको सुन्दर संसारमा प्रवेश गर्नुहुनेछ, येशू ख्रीष्टलाई पाउनु भएकाले यो सम्भव छ र तपाईंले उहाँलाई तपाईंको जीवनको प्रभु बनाउनुभयो।

### पवित्र आत्मा परमेश्वरका आत्मा हुनुहुन्छ - अनि तपाईंमा काम गर्नुहुन्छ

२ कोरिन्थी ३:१६-१८

मत्ती २८:१९

पवित्र आत्मा परमेश्वरका आत्मा हुनुहुन्छ, र तपाईंको जीवनमा महत्वपूर्ण भूमिका खेल्नुहुन्छ।

सुरुका तीनओटा पाठहरूमा, तीनओटा कुरा सिक्नुहुन्छ : परमेश्वर पिता, पुत्र र पवित्र आत्मा। तर परमेश्वरसित जिउनु भनेको उहाँलाई जान्नु मात्र भन्दा धेरै हो। पवित्र आत्माले परमेश्वरलाई अनुभव गर्न र उहाँको नजिक रहन

सहायता गर्नुहुनेछ। तपाईंमा अचम्मका काम गर्दै हुनुहुन्छ, उहाँले तपाईंलाई येशूमा डोऱ्याउनुभयो, अनि उहाँविना तपाईंले येशूलाई प्रभु भनी स्वीकार गर्न सक्नुहुन्नथ्यो।

येशूलाई पछ्याउनु भनेको कुनै बौद्धिक निर्णय नभई, आत्मिक जीवन शैली हो।

## पुरानो करारले पवित्र आत्माको प्रतिज्ञा गर्दछ




| | |
|---|---|
| ***सृष्टिः*** | *उत्पत्ति १:२* |
| ***योसेफ*** | *उत्पत्ति ४१:३८* |
| ***७० एल्डरहरू :*** | *गन्ती ११:२५* |
| ***गिदोन*** | *न्यायकर्ता ६:३४* |
| ***राजा दाउदः*** | *१ शमूएल १६:१३* |
| ***एलियाः*** | *२ राजा २:१५, १६* |
| ***अगमवक्ता अगमवाणीः*** | *यशैया ४४:३, इजकिएल ३६:२६,२७, जकरिया ४:६* |
| ***बढ्दो प्रयोगः*** | *मर्कूस १:७,८* |

उत्पत्ति १:२ अगाडीबाट नै सुरु गरौं। सृष्टिमा पवित्र आत्मा हुनुहुन्थ्यो। परमेश्वरले महान्
गन्ती ११:२५ काम गर्नुहुँदा उहाँ सधैं उपस्थित हुनुहुन्छ। उहाँ इस्राएलका अगुवाहरू अनि
इजकिएल २:२ अगमवक्ताहरूसित हुनुहुन्थ्यो। तर सयौं बर्षसम्म अगमवक्ताहरूले अझ राम्रो
कुरा गरे। **पवित्र आत्मा सबै मानिसमा आउनुहुनेछ भनी उनीहरूले**
योएल २:२८,२९ **अगमवाणी गरे,** पुरुष अनि स्त्री, र बालक कि बालिका सबैमा। अनि परमेश्वरका
इजकिएल आत्मा आउनुभएर हाम्रो हृदयलाई भर्नुहुन्छ र आफैंले प्रेम, विश्वास र शक्तिले
३६:२६,२७ भरिदिनुहुन्छ। आहा, यी सबै त हामीलाई परमेश्वरले गर्नुभएका प्रतिज्ञा हुन्। यो
कुरा उहाँले येशूद्वारा पूरा गर्नुभयो।

## येशू आफैं पनि पवित्र आत्माले भरिनुभएको थियो

बाइबलले स्पष्ट भन्दछ कि येशू पवित्र आत्माले जन्मनुभएको मात्र होइन, तर पवित्र
लूका १:३५ आत्माले भरिनुभएको र अभिषेक हुनुभएको थियो (यसको अर्थ पवित्र आत्मा उहाँमा

## पवित्र आत्मा ममा बस्नुहुन्छ

तिनीहरू सबै पवित्र आत्माले भरिए र आत्माले अगुवाइ गर्नु भएअनुसार अरु भाषामा उनीहरू बोल्न थाले ... यो प्रतिज्ञा तपाईंको लागि, तपाईंको सन्तानको लागि र टाढा भएका सबैका लागि हो, जसलाई याह्वे हाम्रो परमेश्वरले बोलाउनुहुन्छ ।

*प्रेरित २:४, ३९*

परमप्रभुको आत्मा जहाँ छ, त्यहाँ स्वतन्त्रता छ ।

*२ कोरिन्थी ३:१७*

परमेश्वरको प्रेम पवित्र आत्माद्वारा हाम्रा हृदयमा खन्याइएको छ, जो हामीलाई दिइएको छ ।

*रोमी ५:५*

आत्माको फल प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाइ, विश्वसनीयता, नम्रता र आत्मसंयम हुन् ।

*गलाती ५:२२, २३*


"प्रभुको आनन्द तिमीहरूको बल हो ।"

*नेहेम्याह ८:१०*

अन्यथा उल्लेख नगरिएमा, धर्मशास्त्रका पदहरू पवित्र बाइबल, नेपाली नयाँ संसोधित संस्करणबाट लिइएका हुन् । प्रतिलिपि अधिकार नेपाल बाइबल सोसाइटी १९९७, २००६, २००९, २०१२ । सर्वाधिकार सुरक्षित ।

---

**"आत्मा र जीवनका वचन"**
भन्ने यो खण्डलाई पुस्तकबाट निकाल्नुहोस् र यहाँ देखाइएअनुसार पटचाउनुहोस् ।




Copyright © 2015 Victura & FL Media
All rights reserved
www.biblekeys.org





# आत्मा र जीवनको वचन

***परमेश्वरले तपाईंको जीवन र अवस्थालाई परिवर्तन गर्न उहाँको वचन पठाउनुहुन्छ ।***

येशूले भन्नुभयो:
"मैले तिमीहरूलाई भनेका वचन आत्मा र जीवन हुन् ।"

*यूहन्ना ६:६३*

यो सत्यता शक्तिशाली छ । परमेश्वरको वचनले अन्धकार र निराशालाई हटाउँछ, र बिरामी तथा पिडामा चंगाइ ल्याउँछ । उहाँको वचनमा भरोसा गरेर, आफ्नो व्यक्तिगत जीवनमा परमेश्वरलाई प्रवेश गर्न र उहाँका वचनद्वारा तपाईंको जीवन र अवस्थालाई परिवर्तन गर्न ढोका खोल्नुहुन्छ ।

***आत्मा र जीवनको वचन***चाहिँ तपाईंको जीवनमा प्रयोग गर्नका लागि संकलन गरिएको बाइबलको पद हो । पहिलो भागमा, तपाईंको व्यक्तिगत जीवनमा प्रयोग गर्नलाई धेरै पदहरू ***"म"*** वा ***"मलाई"*** भनेर परिवर्तन गरिएका छन् । ती सबै पदलाई यसरी नै आफूमा प्रयोग गर्न सक्नुहुन्छ । ***ती कण्ठस्थ गर्नुहोस् र भरोसा गर्नुहोस् कि परमेश्वर आफ्नो प्रतिज्ञामा स्थिर हुनुहुन्छ, उहाँले भन्नुभएको कुरा उहाँ गर्नुहुनेछ ।***

- परमेश्वर प्रेम गर्नुहुन्छ भन्ने कुराको निश्चयता चाहिँन्छ भने, पहिलोबाट शुरु गर्नुहोस् :
  *पिताले कति महान प्रेम ममा खन्याउनु भएको छ, कि मलाई परमेश्वरको सन्तान भनिएको छ । अनि म त्यही नै हुँ ।*
- बाइबल पदलाई ठूलो स्वरमा भन्नुहोस् र ती बारेमा सोच्नुहोस् । ती वचनलाई तपाईंको हृदयभित्र गाडिन दिनुहोस् ।
- सडकमा हिँड्दा वा बसमा बसेको बेला तिनमा ध्यान दिनुहोस्, तपाईंको परिवारसित यसबारे कुरा गर्नुहोस् ।
- धेरै पछि, यी असल बाइबलका पदहरू तपाईंका हुनेछन्, र खाँचो पर्दा स्वभाविक रुपमै ती सम्झनुहुनेछ ।

• परमेश्वरमा भरोसा राख्न सक्नुहुन्छ भनी उहाँले देखाउनु हुनेछः यो देखाउन उहाँले वचन हेर्नुहुन्छ । (यर्मिया १:१२)

***परमेश्वरको वचन प्राप्त गर्नुहोस् - यसले तपाईंको जीवनलाई परिवर्तन गर्नेछ ।***

## परमेश्वर भलो हुनुहुन्छ र उहाँ मलाई प्रेम गर्नुहुन्छ

पिताले ममा कति महान् प्रेम खन्याउनु भएको छ, कि मलाई परमेश्वरको सन्तान भनिन्छ । अनि म उही हुँ ।

*१ यूहन्ना ३:१*

परमेश्वरले मलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एक मात्र पुत्रलाई दिनुभयो ताकि उहाँमा मैले विश्वास गर्दा नाश हुने छैन तर अनन्त जीवन पाउनेछु ।

*यूहन्ना ३:१६*

परमेश्वरले मलाई अनन्त प्रेम गर्नु भएको छ । अकाट्य प्रेमले मलाई उहाँतिर खिच्नुभएको छ ।

*यर्मिया ३१:३*

परमेश्वरले आफ्नो पुत्र मेरो लागि मर्न पठाउनु भएर महान प्रेम मलाई देखाउनुभयो जुनबेला म पापी नै थिएँ ।

*रोमी ५:८*

परमेश्वर प्रेम हुनुहुन्छ ।

*१ यूहन्ना ४:१६*

परमप्रभु अनुग्रही र दयालु हुनुहुन्छ, रिसाउनमा धिमा र प्रेममा धनी । परमप्रभु सबैप्रति भलो हुनुहुन्छ, उहाँले बनाउनुभएको सबैमा उहाँ दयालु हुनुहुन्छ ।

*भजनसंग्रह १४५:८,९*

नता मृत्युले नता जीवनले, नता स्वर्गदूतले नता दुष्टले, नता वर्तमानले नता भविष्यले, नता कुनै शक्तिले, नता उचाइ नता गहिराइले, नता सारा सृष्टिमा कुनै कुराले परमेश्वरको प्रेमबाट मलाई छुटाउन सक्छ जो ख्रीष्ट येशू हाम्रो प्रभुमा छ भनी म निश्चित छु ।

*रोमी ८:३८, ३९*



जुनबेला म थकित र बोझले दबिएको हुन्छु, म येशूमा आउँछु किनकि उहाँ भन्नुहुन्छः "हे सबै मिहिनेत गर्ने र बोझले दबिएका हो, म तिमीहरूलाई विश्राम दिनेछु । मेरो जुवा तिमीमाथि लेऊ र मसित सिक, किनकि म नम्र र कोमल हृदयको छु, र तिमीले आत्मामा आराम पाउनेछौ । किनकि मेरो जुवा सजिलो र मेरो बोझ हलुका छ ।"

*मत्ती ११:२८-३०*

प्रभुको महान् प्रेमको कारण हामी सिद्धिएका छैनौं, किनकि उहाँको दया कहिल्यै असफल हुँदैन । ती हरेक विहान नयाँ हुन्छन्, तपाईंको विश्वासनीयता महान छ ।

*नहूम ३:२२,२३*

"पर्वतहरू हल्लँदा र हिमालहरू हटाइँदा पनि, तिम्रो निम्ति मेरो अकाट्य प्रेम हल्लिनेछैन नता शान्तिको मेरो करार हटाइनेछ," तिमीमाथि दया गर्ने परमप्रभु भन्नुहुन्छ ।

*यशैया ५४:१०*

## परमप्रभु मेरो गोठालो हुनुहुन्छ

परमप्रभु मेरो गोठालो हुनुहुन्छ, मलाई केहीको घटी हुन्न ।

उहाँले मलाई हरियो खर्कमा चराउनुहुन्छ, मलाई शान्त पानीको किनारामा डोर्‍याउनुहुन्छ, मेरो प्राणलाई नयाँ तुल्याउनुहुन्छ । उहाँको नामको खातिर मलाई ठीक बाटोमा डोर्‍याउनुहुन्छ ।

अन्धकारमय खाडल भएर म जानु परे तापनि, मलाई डर छैन, किनकि तपाईं मसित हुनुहुन्छ, तपाईंको लहुरो र लठ्ठीले मलाई सान्त्वना दिन्छन् ।

मेरो शत्रुहरूका सामु मेरो लागि तपाईं भोज तयार गर्नुहुन्छ । मेरो शीर तेलले अभिषेक गर्नुहुन्छ, मेरो कचौरा भरिएर पोखिन्छ ।

मेरो जीवनभरि निश्चय नै तपाईंको भलाइ र प्रेम मेरो पछि लाग्नेछ, र परमप्रभुको घरमा सधैं रहनेछु ।

*भजनसंग्रह २३*

## परमप्रभु मेरो सुरक्षा हुनुहुन्छ

परमप्रधानको छहारीमा बस्नेहरू सर्वशक्तिमानको छायामा विश्राम पाउनेछन् । परमप्रभुको बारेमा म यो घोषणा गर्दछु : उहाँ नै मेरो शरणस्थान हुनुहुन्छ, मेरो सुरक्षा, उहाँ मेरो परमेश्वर हुनुहुन्छ, र र्म उहाँमा भरोसा राख्दछु । किनकि उहाँले हरेक जोखिमबाट उद्धार गर्नुहुन्छ र खतरनाक रोगबाट सुरक्षा गर्नुहुन्छ ।

उहाँका पखेटाले तिमीलाई ढाक्नुहुनेछ । उहाँका प्वाँखले छहारी दिनेछ ।

उहाँका विश्वासयोग्य प्रतिज्ञाहरू तिम्रा हतियार र सुरक्षा हुन् । रातका आतंकसित नडराऊ, नता दिनमा उड्ने बाणसित । अन्धकारमा हुने रोगहरूसित नतर्स, नता मध्यदिनमा प्रहार गर्ने प्रकोपसित । तिम्रो छेउमा हजारौं पतन भए तापनि, तिम्रा वरपर दश हजारौं मर्दैछ भने तापनि, यी दुष्टले तिमीलाई छुनेछैन । तिम्रा आँखा खोल, कसरी दुष्टलाई सजाय हुन्छ भनी हेर ।

परमप्रभुलाई शरण लिन्छौ भने, सर्वोच्चमा आश्रय लिन्छौ भने, कुनै दुष्टले तिमीलाई राज्य गर्नेछैन, तिम्रा घरको नजिक कुनै महामारी आउनेछैन । किनकि तिमी जहाँ गए तापनि परमेश्वरले तिम्रो सुरक्षा गर्न स्वर्गदूतलाई खटाउनुहुनेछ । तिनीहरूका हातले तपाईंलाई थाम्नेछन् ताकि तिम्रा खुट्टा चट्टानमा ठोकिनेछैन । तिमी सिंह र गोमनमाथि ठोकिनेछौ, तिम्रा गोडाले ती कुल्चनेछौ ।

परमप्रभु भन्नुहुन्छ, "मलाई प्रेम गर्नेहरूलाई सुरक्षा गर्नेछु । मेरो नाममा भरोसा गर्नेहरूलाई सुरक्षा गर्नेछु ।

जब मलाई बोलाउँछन्, म उत्तर दिनेछु, संकष्टमा म तिनीहरूका साथमा हुनेछु । उनीहरूलाई छुटाएर आदर दिनेछु । दिर्घ जीवनले म इनाम दिनेछु र मेरो मुक्ति दिनेछु ।"

*भजनसंग्रह ९१*



## म डराउनेछैनँ

"नडराऊ, किनकि म तिमीसित छु । निराश नहोऊ, किनकि म तिम्रो परमेश्वर हुँ । म तिमीलाई बलियो बनाउछु र सहायता गर्नेछु । मेरो विजयी दाहिने हातले तिमीलाई थाम्नेछु ।"

*यशैया ४१:१०*

"धार्मिकतामा तिमी स्थापित हुनेछौ । अत्याचारबाट तिमी टाढा रहनेछौ, तिमीलाई कसैको डर हुनेछैन । त्रासदेखि तिमी टाढा रहनेछौ, त्यो तिम्रो नजीक आउनेछैन ।"

*यशैया ५४:१४*

परमेश्वर प्रेम हुनुहुन्छ....
सिद्ध प्रेमले डरलाई हटाउँछ ।

*१ यूहन्ना ४:१६,१८*

साच्चै मेरो आत्माले परमेश्वरमा विश्राम पाउँछ, मेरो मुक्ति उहाँबाट आउँछ । साच्चै उहाँ मेरो चट्टान र मुक्ति हुनुहुन्छ, उहाँ मेरो जग हुनुहुन्छ, म कहिल्यै हल्लिनेछैनँ ।

*भजनसंग्रह ६२:१, २*

## म विश्वासद्वारा येशु खीष्टमा बचाइएको छु

(परमेश्वर) सबै मानिस बाचेको चाहनुहुन्छ र सत्यको ज्ञानमा आएको चाहनुहुन्छ ।

*१ तिमो २:४*

"अरु कोहीमा मुक्ति छैन । स्वर्गमुनि परमेश्वरले हाम्रो मुक्तिको लागि अरु कुनै नाम दिनुभएको छैन ।"

*प्रेरित ४:१२*

येशू भन्नुहुन्छः "नडराऊ । म शुरु र अन्त हुँ । जीवित म नै हा, म मरेको थिएँ, अब हेर, म सदाको लागि जिउँदो छु ।"

*प्रकाश १:१७, १८*

जो खीष्टको हो ऊ नयाँ मानिस भएको छ । पुरानो जीवन बितिगयो, नयाँ जीवन शुरु भएको छ ।"

*२ कोरिन्थी ५:१७*

जसले येशूलाई परमेश्वरको पुत्र हो भनी विश्वास गर्छ उनीहरूमा परमेश्वर जिउनुहुन्छ र उनीहरू परमेश्वरमा जिउँछन् । परमेश्वर कति प्रेम गर्नुहुन्छ भनी हामी जान्दछौं, र उहाँको प्रेममा हामीले भरोसा राखेका छौं ।

*१ यूहन्ना ४:१५,१६*

परमेश्वरको दया यति प्रशस्त छ, हामीप्रति उहाँको प्रेम यति महान् छ, कि हाम्रो अनाज्ञाकारीतमा आत्मिकी रुपमा मृत हुँदा हामीलाई खीष्टसित जीवनमा ल्याउनुभयो । परमेश्वरको अनुग्रहले तिमीहरू बचाइएका छौ । स्वर्गीय स्थानहरूमा खीष्टसित राज्य गर्नका लागि उहाँले हामीलाई खीष्ट येशूसित एक गराउनुभयो र बौराउनुभयो ।

*एफिसी २:४-६*

हामी विश्वासद्वारा धर्मि ठहरिएका छौं, हाम्रो प्रभु येशू खीष्टद्वारा परमेश्वरसित शान्तिमा छौं, जसद्वारा विश्वासले हामीले उहाँसम्म पुग्न पाएका छौं, जसमा हामी अहिले खडा छौं ।

*रोमी ५:१,२*

किनकि परमेश्वरले हामीलाई अन्धकारको पंजाबाट छुटाउनु भएको छ र उहाँले प्रेम गर्नुभएको पुत्रको राज्यमा ल्याउनुभयो, जसमा हामीलाई छुटकारा छ, पापको क्षमा छ । *कलस्सी १:१३,१४*

अब परमेश्वरले खीष्टको शारीरिक मृत्युद्वारा पुनर्मिलाप गर्नुभएको छ ताकि उहाँ दृष्टिमा पवित्र प्रस्तुत गर्न सकून्, दागविना र दोषविना ।

*कलस्सी १:२२*

## म येशू खीष्टमा आशिषित छु

जब कि परमेश्वरले उहाँको एकमात्र पुत्रलाई बाँकी नराखी हामी सबैको लागि दिनुभयो, के उहाँले सबैकुरा पनि दिनुहुनेछैन र ?

*रोमी ८:३२*

“यदि पुत्रले स्वतन्त्र गर्दछ भने, वास्तवमा तिमी स्वतन्त्र हुनेछौ ।” *यूहन्ना ८:३६*

किनकि म खीष्टमा सबैकुरा गर्न सक्दछु, जसले मलाई शक्ति दिनुहुन्छ ।

*फिलिप्पी ४:१३*

परमेश्वर र हाम्रो प्रभु येशू खीष्टको परमेश्वरलाई प्रशंसा होस्, जसले स्वर्गीय स्थानहरूमा हामीलाई खीष्टमा सबै आत्मिकी आशिष दिनु भएको छ ।

*एफिसी १:३*

खीष्ट येशूमा उहाँको महिमाको सम्पति अनुसार मेरो परमेश्वरले तिम्रा सारा खाँचो पूरा गर्नुहुनेछ ।

*फिलिप्पी ४:१९*

हाम्रो प्रभु येशू खीष्टको असल अनुग्रह तिमीलाई थाहा छ । उहाँ धनी हुनु भए तापनि, तिम्रो खातिर गरिब हुनुभयो, ताकि उहाँको गरिबीद्वारा तिमीलाई धनी बनाउन सक्नुभएको होस् ।

*२ कोरिन्थी ८:९*

येशूले भन्नुभयो: “साना बगाल, नडराऊ, किनकि तिम्रो पिता तिमीलाई राज्य दिन खुशी हुनुहुन्छ ।”

*लूका १२:३२*

येशूले भन्नुभयो: “पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मरेपछि पनि जिउनेछ । ममा जिउने र विश्वास गर्ने कहिल्यै पनि मर्नेछैन ।”

*यूहन्ना ११:२५,२६*

परमेश्वरले जति वटा प्रतिज्ञा गर्नु भए तापनि, खीष्टमा ती सबै हो हुन्छन् । *२ कोरिन्थी १:२०*

“प्रार्थनामा जेसुकै माग, सो पाएको छु भनी विश्वास गर, अनि ती तिम्रा हुनेछन् ।”

*मर्कूस ११:२४*

येशूले भन्नुभयो: “मैले तिमीलाई सर्प र बिच्छि समात्ने अधिकार दिएको छु र शत्रुका सारा शक्तिलाई जित्ने अधिकार दिएको छु, तिमीलाई केही कुराले पनि हानी गर्नेछैन ।” *लूका १०:१९*

संसारमा बस्ने आत्माभन्दा तिमीमा बस्ने आत्मा महान् हुनुहुन्छ । *१ यूहन्ना ४:४*

शैतानमाथि थुमाको रगत र उनीहरूका गवाहीको वचनद्वारा विजय भयो । *प्रकाश १२:११*

“येशूले हाम्रा विरामीपन लिनुभयो र हाम्रो रोगहरू हटाउनुभयो ।” *मत्ती ८:१७*

येशू आफैले हाम्रा पाप उहाको शरीरमा क्रूसमा बोक्नुभयो ताकि हामी पापको लेखि मरेको र धार्मिकताको लागि जिएको हुन सकौं । उहाँका चोटहरूले तिमी निको गराइयौ । *१ पत्रुस २:२४*

लूका ४:१
प्रेरित १०:३८
१ यूहन्ना ४:१७
यूहन्ना १४:१२

हुनुभएर काम गर्नु भयो ।) अनि तपाईं र म जस्तै, उहाँ पवित्र आत्माद्वारा डोऱ्याइनु भएको थियो ।

हामी येशूजस्तै कहिल्यै बन्न सक्दैनौं, किनकि उहाँ त परमेश्वर हुनुहुन्छ । तर उहाँले आफ्ना अनुयायीहरूलाई आफूजस्तै बन्न आज्ञा दिनुहुन्छ । उहाँले त यो समेत प्रतिज्ञा गर्नुभएको छ कि हामीले उहाँले गरेका कुरा पनि गर्न सक्छौं– र तीभन्दा ठूला आश्चर्यकर्महरू पनि । कसरी त ? पवित्र आत्माद्वारा ! यो कसरी हुन्छ भन्ने कुरा यो पाठले तपाईंलाई सिकाउनेछ ।

## येशू र पवित्र आत्मा

| | | |
|---|---|---|
| येशूको जन्म | • पवित्र आत्माद्वारा गर्भधारण | लूका १:३५ |
| | • मरियमबाट जन्म | लूका २:७ |
| | • ययेशू तीस वर्षसम्म बुद्धि र कदमा बढ्नुभयो | |
| पवित्र आत्मामा सेवकाइ | • येशू पवित्र आत्मामा बप्तिस्मा हुनुभयो र भरिनुभयो | लूका ३:२१,२२, ४:१ |
| | • पवित्र आत्माको शक्तिमा सेवकाइ (तीन वर्ष) | प्रेरित १०:३८ |
| | • हामीलाई पवित्र आत्मा पठाउनुहुने प्रतिज्ञा | यूहन्ना १६:७ |
| † येशूले पवित्र आत्मा दिनुहुन्छ | • येशू मर्नुहुन्छ अनि पुनरुत्थान हुनुहुन्छ | यूहन्ना १९–२१ |
| | • येशूले पवित्र आत्मा दिनुहुन्छ | प्रेरित २ |

## येशूले हामीलाई पवित्र आत्मा दिने प्रतिज्ञा गर्नुभयो

यूहन्ना १६:५-७
यूहन्ना १७:२६

येशूले चेलाहरूलाई महत्वपूर्ण कुरा भन्नुभयो: "तिमीहरूका भलाइको लागि म गइरहेछु । म गइन भने, सल्लाहकार (पवित्र आत्मा) आउनु हुनेछैन ।" के ती वर्षहरूमा इस्राएलमा येशूसित हुन पाउनुभन्दा केही असल हुन सक्थ्यो होला ? तापनि येशूले पवित्र आत्माद्वारा सधैं हामीसित रहने प्रतिज्ञा गर्नुभयो ।

लूका २४:४९
यूहन्ना १४:१६
प्रेरित १:४,५

पृथ्वीमा उहाँको अन्तिम दिनहरूमा, पवित्र आत्मा पठाउने प्रतिज्ञा गर्नुभयो : "मेरो पिताले प्रतिज्ञा गर्नुभएको पवित्रआत्मा पठाउन लागेको छु, तर माथिबाटको शक्ति प्राप्त नगरुन्जेल यही शहरमा बस ।" येशू जानु भएपछि उहाँका पछि लाग्नेहरूका लागि पवित्र आत्मा धेरै महत्वपूर्ण हुनुहुन्छ भन्ने स्पष्ट छ । तिनीहरूलाई पहिला नै भन्नुभयो : "यरुसलेम नछोड, तर मेरो पिताले प्रतिज्ञा गर्नुभएको उपहारको प्रतिक्षा गर, जसको बारेमा मैले भनेकै छु ।" उहाँले भन्नुभयो: "अबको केही दिनमा तिमीहरू ***पवित्र आत्माले बप्तिस्मा हुनेछौ ।"***



## २ येशूले पवित्र आत्माले बप्तिस्मा दिनुहुन्छ

येशूलाई थाहा थियो कि आत्माको कामविना उहाँका मित्रहरूमा परमेश्वरको शक्ति र
काम हुने थिएन । पवित्र आत्माविना, मानिसको लागि परमेश्वरको योजना पूरा हुने
जकरिया ४:६ थिएन । तपाईं र मेरो लागि पनि यही हो : परमेश्वरले योजना गर्नु भएको जीवन
यूहन्ना १६:७ जिउनका लागि हामीलाई पवित्र आत्मा चाहिन्छ । येशूले पवित्र आत्मा पठाउँछु भनी
भन्नुभएको अर्थ के हो सो हामी हेरौं ।

### १. तपाईंभित्रबाट पवित्र आत्मा नदी जस्तै बग्नेछ

येशूले सधैं पवित्र आत्माको बारेमा साहससाथ बोल्नुभयो, किनकि मानिसहरूले
उहाँको बारेमा जानून् भन्ने उहाँ चाहनुहुन्थ्यो । येरूशलेम मानिसहरूले भरिएको
यूहन्ना ७:३७-३९ बेला, उहाँ खडा भएर पवित्र आत्माको बारेमा ठूलो स्वरले बताउनुभयो: "जसलाई
तिर्खा लाग्छ मकहाँ आऊ र पिऊ । ज-जसले मलाई विश्वास गर्छ, धर्मशास्त्रले
भने झैँ, उसको जीवनबाट जीवित पानीका ***नदीहरू*** बगिनिस्कनेछन् । उहाँमा
विश्वास गर्नेहरूले पवित्र आत्मा पाउन लागेका थिए ।" यो विश्वास गर्ने जोसुकैले
जकरिया १४:८ पाउने हो । विश्वास गर्नेहरूले जीवन दिने पवित्र आत्माको शक्ति अनुभव गर्नेछन् ।
यशैया १२:३ जब उहाँ आउनुहुन्छ अनि तपाईंले भिन्नता पाउनु हुनेछ : तपाईंबाट परमेश्वरको
शक्तिशाली जीवनको नदी बगिनिस्कनेछ ।

### प्रेरित १:५ २. येशूले भन्नुभयो: "तिमीहरू पवित्र आत्माले बप्तिष्मा हुनेछौ"

नयाँ करार प्राय: ग्रीक भाषामा लेखिएको थियो । ग्रीकमा बप्तिष्मा हुनु भनेको डुब्नु
हो । यसको अर्थ पानीमा डुब्नु हो । येशू तपाईंलाई पवित्र आत्मामा पूरै
डुबेको चाहानुहुन्छ, ताकि उहाँ तपाईंभित्र, बाहिर अनि सबैतिर हुनुहुन्छ । यस्तो हुँदा,
तपाईंले जीवनमा ठूलो भिन्नता पाउनु हुनेछ । येशूका साथीहरू पानीमा डुब्दा पवित्र
आत्माले उनीहरूका जीवनमा ल्याउनु भएको परिवर्तन हेर्नुहोस्:

मत्ती २६:६९-७५ • पत्रुस, जो कुनै समय डरपोक थिए, निडर साक्षी भए ! तपाईं पनि हुन सक्नुहुन्छ !
प्रेरित २:१४ • ती सबैजना अरु भाषामा बोल्न थाले ! तपाईं पनि सक्नुहुन्छ !
प्रेरित २:२-४ • विश्वासीहरूका शुरुको समूह छिटो बढ्ने चर्च भयो, हरेक दिन येशूमा नयाँ
प्रेरित २:४०,४१ मानिसहरू आए । तपाईं पनि येशूमा अरुलाई बचाउन सक्नुहुन्छ !
प्रेरित २:४७, ६:७ • येशूमा भएको त्यही चंगाइ गर्ने शक्ति उहाँका चेलाहरूमा थियो ! यो तपाईंको
प्रेरित ३:१-१० जीवनमा पनि हुन सक्छ !
रोमी ५:५ • सबभन्दा महत्वपूर्ण कुरा, हजारौं मानिसहरू परमेश्वरको प्रेममा जिउन थाले ।
उनीहरूले एक-अर्कालाई सबैकुरा बाँड्न थाले र व्यावहारिक रुपमा एक अर्कालाई
प्रेरित ४:३२-३५ सहायता गरे । पवित्र आत्माले तपाईंको जीवनमा पनि यस्तो प्रेम ल्याउनुहुन्छ !
येशूमा विश्वास गर्ने हरेकलाई परमेश्वरको यो प्रतिज्ञा हो, अनि उहाँ संसारमा
ठूलो भिन्नता ल्याउनुहुन्छ !

## ३. पवित्र आत्माको युग शुरु हुन्छ

पवित्र आत्मा आउनु भएको दिन संसारको इतिहास बदलिने बिन्दु थियो । सयौं बर्ष पहिला प्रतिज्ञा भएको कुरा अब वास्तविकता थियो । एउटा नयाँ युग शुरु भयो - पवित्र आत्माको युग । अनि आज पनि उहाँ जिउनुहुन्छ । "अनि अचानक भयंकर आवाज स्वर्गबाट आयो र पूरै घर भरियो... ***सबैजना पवित्र आत्माले भरिए र अन्य भाषामा बोल्न थाले ।"*** पवित्र आत्माले उनीहरूको जीवन बदि्लयो र सारा यरुशलेम पनि परिवर्तन भयो । पवित्र आत्माको प्रेम र शक्ति रोक्न नसकिने भयो । यो जीवन परिवर्तन गर्ने घटना भइनैरह्यो - यरुशलेम बाहिर पनि । कर्नेलियस र उनका साथी अनि आफन्तहरू, पनि आत्मामा बप्तिष्मा भए । येशूले यो आत्मा उनीहरूमा पठाउनुभयो, जसरी पत्रुस र अरुहरूमा पठाउनु भएको थियो । अनि यो कुरा भइरह्यो ।

प्रेरित २:२-४

प्रेरित १०:४४-४७

## ४. पवित्र आत्मा उपलब्ध हुनुहुन्छ

पवित्र आत्मा आउनु भएपछि, उहाँ तिर्खाएकाहरूकहाँ उपलब्ध हुनुहुन्छ, जसरी येशूले प्रतिज्ञा गर्नुभयो ।

यदि तिर्खाउनु भएको छ भने, तपाईं पिउनुहुन्छ । यदि परमेश्वरको लागि तिर्खा छ भने, उहाँको पवित्र आत्माको वरदान माग गर्नुहोस् । येशूलाई पाए झैँ पवित्र आत्मा पनि पाउनुहोस् । तपाईंको जीवनमा उहाँलाई निम्त्याउनुहोस् । पवित्र आत्मा येशू आउनु भए झैँ आउनुहुनेछ । परमेश्वर पक्षपात गर्नुहुन्न । परमेश्वरले एकदम कमजोर मानिसहरूलाई पवित्र आत्मा दिनु भएर पत्रुसका सहप्रचारकहरूलाई छक्क पार्नुभयो, जस्तो कि अन्य जाति र सामरीहरूलाई । यी प्रतिज्ञाहरू सबैका लागि हुन्, अनि तपाईं र म पनि यसमा पर्दछौं: "तिमीले पवित्र आत्माको वरदान पाउनेछौ । यो प्रतिज्ञा तपाईं र तपाईंका बालकहरूका लागि हो अनि टाढामा भएकाहरूका लागि पनि हो ।" सुन : "तिमी दुष्ट भएर पनि तिम्रा छोराछोरीलाई असल थोक दिन जान्दछौ भने, ***स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढी गरेर पवित्र आत्मा दिनुहुन्छ होला ।"*** जसले माग्छ, त्यसले पाउनेछ । यसमा तपाईं पनि पर्नुहुन्छ । परमेश्वर पिताबाट कति अचम्मको प्रतिज्ञा रहेछ । हामीलाई गर्नु भएको अविश्वसनीय प्रेमको लागि परमेश्वरको प्रशंसा गर्नुहोस् ।

प्रेरित २:३८, ३९

लूका ११:१३

१ कोरिन्थी २:१२

## बाइबल खोज

### पवित्र आत्मा कस्तो हुनुहुन्छ ?

चेलाहरूसित येशूको अन्तिम दिनहरू निकै विशेष् थिए । यस समयमा, उहाँले तिनीहरूलाई सहयोग गर्नुभयो, र यो कुरा पवित्र आत्मासित सम्बन्धित थियो । यो सहयोग पहिलेका चेलाहरूका लागि मात्र नभइ, तपाईं र मेरो लागि पनि हो । पवित्र आत्मा कस्तो हुनुहुन्छ भनेर येशूले यूहन्ना १४:१५ र १६:१६ मा बताउनुभएको छ । यो खण्ड पढौं ।

✔ **पहिले, यूहन्ना १४:१५ र १६ पढौं अनि आत्मा तथा सल्लाहकार शब्दलाई चिन्ह लगाउनुहोस् । सल्लाहकार चाहिँ पवित्र आत्माको अर्को नाम हो ।**

✔ **दोश्रो, येशूले पवित्र आत्माको बारेमा भन्नु भएको कुराहरू तालिका बनाउनुहोस् ।**

- **पवित्र आत्माको व्याख्या गरेर उहाँ को हुनुहुन्छ भनी बताउनुहोस्:**

- **पवित्र आत्माले के गर्नुहुन्छ भनी येशूले बताउनु भएको कुरा लेख्नुहोस्:**

✔ **तेश्रो, तलका पदहरू पढ्नुहोस् अनि चेलाहरूमा पवित्र आत्मा आउनुभएपछि के भयो सो लेख्नुहोस्:**

प्रेरित २:४

प्रेरित २:१७

प्रेरित ५:३२

प्रेरित ७:५५

प्रेरित ८:१५-१७

प्रेरित ८:२९

प्रेरित ९:३१

प्रेरित १०:४४-४६

प्रेरित ११:२८

प्रेरित १३:५२

प्रेरित १९:६



## ३ किन तपाईं पवित्र आत्माले भरिनु पर्दछ ?

एफिसी ५:१८-२०

बाइबलले भन्दछः"आत्माले भरपूर होओ ।" अनि पहिलेका विश्वासीहरू सबै भरपूर थिए । तर किन पवित्र आत्माले भरिनु पर्दछ ? केही इमान्दार प्रश्न आफैंलाई सोधौं ।

**• के म सिद्ध, निस्वार्थ प्रेम गर्दछु ?**

**❏ हो ❏ होइन**

यूहन्ना १३:३४
रोमी ५:५
गलाती ५:१६-२६

प्रेम भनेको आत्माको फल हो । परमेश्वरको चाहना भनेको हामी सबै प्रेमले भरिऔं भन्ने हो । येशूले भन्नुभयो, "म तिमीहरूलाई एउटा नयाँ आज्ञा दिन्छुः एकआपसमा प्रेम गर ।" पवित्र आत्मा समाधान हुनुहुन्छ भनी उहाँ मान्नुहुन्छः "परमेश्वरको प्रेम हाम्रो हृदयमा पवित्र आत्माद्वारा खन्याइएको छ, जो हामीलाई दिइएको छ ।" तपाईंबाट प्रेमको नदी बगिनिस्कन्छ । पावलले यसलाई आत्माको फल भन्दछन् ।

**• के म येशूको बारेमा साहससाथ गवाही दिन्छु ?**

**❏ हो ❏ होइन**

यदि "होइन" भन्ने उत्तर दिनुहुन्छ भने तपाईंको जीवनमा पवित्र आत्माले शक्तिशाली बनाएपछि यो परिवर्तन हुनेछ ।

प्रेरित १:८

पवित्र आत्माले येशूको बारेमा सुसमाचार दिन साहस दिनुहुनेछ । येशूले भन्नुभयोः "जब पवित्र आत्मा तिमीहरूमा आउनुहुन्छ, तब तिमीहरूले शक्ति पाउनेछौ, अनि तिमीहरू मेरो साक्षी हुनेछौ ।" यदि तपाईंको उत्तर "हो" हुन्छ भने पवित्र आत्माले तपाईंको साहस बढाइदिनुहुनेछ र तपाईंले येशूको लागि मानिसहरूलाई बचाउन सक्नुहुन्छ ।

**• के म बाइबल र मप्रतिको परमेश्वरको प्रतिज्ञा पूरा बुझ्न सक्छु ?**

**❏ हो ❏ होइन**

१ कोरिन्थी २:१२
एफिसी १:१७, १८

पवित्र आत्माले तपाईंलाई बाइबल र परमेश्वरको प्रतिज्ञाहरू बुझ्न सहायता गर्नुहुनेछः परमेश्वरबाटको आत्मा हामीले पाएका छौं, ताकि परमेश्वरले हामीलाई सित्तैमा दिनु भएको कुरा जान्न सकौं ।" तपाईंको भित्री मानिसमा बुद्धि र प्रकाशको आत्माले ज्योति दिनुहुनेछ । पवित्र आत्माविना, परमेश्वरको योजना र उद्धेश्य कहिल्यै बुझ्न सकिंदैन ।

१ कोरिन्थी १२:७-११
- **के पावलले भने जस्तो आत्मिक वरदान पाउनु भएको छ ? के अरुलाई चंगाइ गर्ने, बुद्धिका वचन वा अगमवाणी वा भाषाहरूमा बोल्ने गर्नुहुन्छ ?**

❑ **हो** ❑ **होइन**

भोको विश्वासीहरूलाई पवित्र आत्माले यी वरदानहरू दिनुहुन्छ। बाइबलले भन्छः
१ कोरिन्थी १४:१ "आत्मिक वरदानहरूको तृष्णा गर।" ती तपाईंका लागि हुन्।

## कसरी पूरा गर्नुभयो ?

यदि तपाईंको उत्तरहरू चाहिँ "होइन" रहेछ भने पनि चिन्ता नगर्नुहोस्। समाधान त छ। परमेश्वरले तपाईंका नकारात्मक उत्तरलाई सकारात्मकमा परिवर्तन गर्नुहुनेछ। उहाँको समाधान भनेको पवित्र आत्मा हो। पवित्र आत्मामा बप्तिष्मा लिनुहोस् र हरेक दिन पवित्र आत्माले भरिनुहोस्। पवित्र आत्मा एक अचम्मको मित्र हुनुहुन्छ। उहाँ तपाईंको सहायक र सल्लाहकार हुनुहुन्छ। उहाँले नै सबै सत्यतामा डोऱ्याउनुहुन्छ। हरेक दिन उहाँको तरिका अपनाउँदा तपाईंको जीवनलाई क्रान्तिमय बनाउनुहुनेछ। तर पहिला तपाईं पवित्र आत्मामा बप्तिष्मा हुनुपर्छ। यो कसरी हुन सक्छ ? पढ्नुहोस्!



## कामको समय

### विश्वास त काममा प्रकट हुन्छ

यदि पढ्ने, बोल्ने वा सोच्ने मात्र गर्नुहुन्छ, तर काम कहिल्यै गर्नुहुन्न भने, तपाईंको विश्वासले काम गर्दैन ! यो पाठमा, परमेश्वरले तपाईंलाई गर्नुभएको प्रतिज्ञा प्राप्त गर्न अनुरोध गर्छौं ।

याकूब २:१७

आत्मामा बप्तिष्मा भएका पहिलेका मानिसहरूमा झैं तपाईंले पनि पवित्र आत्मा आफूमा हुनु भएको अनुभव गर्नुहुनेछ: "ती सबैजना पवित्र आत्माले भरिए र पवित्र आत्माको शक्तिमा अन्य भाषाहरूमा बोल्न लागे ।"

प्रेरित २:४

### १. पवित्र आत्माको बप्तिष्मा सबैको लागि हो

***"सबैजना"*** पवित्र आत्माले भरिएका थिए भनी बताइएको छ । जीवनका विभिन्न अवस्थाका १२० जना पुरुष र स्त्रीहरू थिए । पवित्र आत्मा पाउनको लागि तपाईंमा विशेष योग्यता हुनु पर्दैन । येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भनी स्वीकार गर्नुपर्दछ ।

### २. "सबैजना पवित्र आत्माले भरिए..."

**परमेश्वरलाई धन्यवाद होस्: *"पिता, म तपाईंलाई धन्यवाद दिन्छु कि येशूमा विश्वास गरेर पवित्र आत्मा पाउनका लागि म तयार भएको छु ।"***

माग्नुहुन्छ भने पाउनु हुनेछ । पर्खनु पर्दैन, किनकि आत्मा त पहिला नै दिइएको छ । बाइबलमा प्राय: पवित्र आत्माको भोक भएकाहरूमाथि एकजनाले हात राखिदिन्छ । ***उनीहरूले तुरुन्त प्राप्त गरे र भरपूर भए ।*** येशूलाई तपाईंले एउटा निर्णय गर्दा पाउनुभयो, कुनै भावनाले होइन । तपाईंले भन्नुभयो: "येशू, तपाईंलाई मुक्तिदाताको रुपमा म ग्रहण गर्दछु ।" पवित्र आत्मालाई पनि यसरी नै भन्नुहोस्, अनि तुरुन्तै तपाईं भरिनुहुनेछ । कसैले एक पटक शक्तिशाली उपस्थिति थाहा गर्दछन्, कसैले गर्दैनन् । तर भावनामा भर नपर्नुहोस् । परमेश्वरको प्रतिज्ञामा भरोसा गर्नुहोस् । जब पितासित पवित्र आत्मा माग्नुहुन्छ, उहाँले दिनुहुनेछ । तपाईंले पवित्र आत्माको उपस्थिति र शक्ति अनुभव गर्न थाल्नुहुनेछ ।

प्रेरित १९:६

लूका ११:१३

**पितालाई भन्नुहोस्: *"पिता, मलाई पवित्र आत्माले भरिदिनुहोस् । म उहाँलाई अहिले ग्रहण गर्दछु । आमेन् ।"* सिधै उहाँलाई धन्यवाद दिन थाल्नुहोस् ।**

## ३. "पवित्र आत्माले वचन दिनु भए अनुसार उनीहरू अन्य भाषामा बोल्न थाले"

येशूले ती मानिसहरूले नयाँ भाषाहरूमा बोल्नेछन् भनी बताउनु भएको थियो, अनि त्यस्तै भयो । पवित्र आत्माले उनीहरूलाई नयाँ भाषा दिनुभयो, जुन उनीहरूले पहिला बोलेका थिएनन् । प्रेरितको पुस्तकमा, नयाँ विश्वासीहरूले आत्मा पाए अनि ती भाषामा बोले र अगमवाणी गरे । यी वरदान तपाईंको लागि पनि हुन् ।

प्रेरित १९:६
१ कोरिन्थी १४:१-५

### ✔ भाषाको वरदान अलौकिक छ

भाषाहरूमा बोल्दा आत्मासित बोल्नुहुन्छ, तपाईंभित्र हुनु भएको पवित्र आत्माद्वारा बोल्नुहुन्छ । तपाईंले जान्नु भएको भाषामा बोल्नुहुन्न । मनले बोल्नुहुन्न, तर तपाईंको आत्माले बोल्नुहुन्छ । आफ्नो भाषामा बोल्न छोडेर आत्माले परमेश्वरको प्रशंसा गर्न थाल्नुहोस् । रेडियो सुने जस्तै हो: एउटा कार्यक्रम सुन्नलाई अर्को कार्यक्रम बन्द गर्नुपर्छ । यसैले आफ्नो भाषा बन्द गर्नुहोस् । मनले कुरा गर्न छोड्नुहोस्, र आत्मामा, भाषाहरूमा बोल्न थाल्नुहोस् ।

१ कोरिन्थी १४:१३-१७

### ✔ पवित्र आत्मा होइन, तपाईं बोल्नुहुन्छ

जब परमेश्वरलाई धन्यवाद दिन थाल्नुहुन्छ, पवित्र आत्माले तपाईंलाई नयाँ शब्दहरू अलौकिक तवरले दिन थाल्नुहुन्छ । त्यो पदमा फेरि हेर्नुहोस् । भनिएको छ: तिनीहरू बोल्न थाले । तपाईं बोल्न थाल्नुपर्छ । मुख खोलेर बोल्न थालेन भने, यस्ता भाषाहरू बोल्न सक्नुहुन्न । जब फोक्सोलाई हावाले भर्नुहुन्छ, मुख खोलेर आवाज निकाल्दै स्वासलाई छोडिदिनुहुन्छ, त्यो आत्माले शब्दहरू दिनुहुनेछ । शुरुमा जे शब्दहरू सजिला छन् ती बोल्नुहोस् ।

प्रेरित २:४

### ✔ पवित्र आत्माले शब्द दिनुहुन्छ

मत्ती ७:९-११

गलत शब्द बोल्छु कि भनी नडराउनुहोस् । माग्नुभयो भने पवित्र आत्मा पाउनुहुनेछ, अरु केही होइन । अनि नयाँ, स्वर्गीय शब्दहरू बोल्नुहुनेछ ।

### ✔ अहिल्यै शुरु गर्नुहोस्

आँखा बन्द गरेर हात माथि उठाइ नयाँ भाषामा परमेश्वरलाई प्रशंसा गर्न थाल्नुहोस् । यो हुनेछ ! तपाईंबाट यो वरदान दुष्टलाई चोर्न नदिनुहोस् । दुष्ट चाहिँ झूट हो । त्यसले यसरी भन्नसक्छ: "यो तिमी आफैले बनायौ ।" तर तपाईंलाई राम्ररी थाहा छ: परमेश्वर आफ्नो प्रतिज्ञामा विश्वासिलो हुनुहुन्छ । हरेक दिन, बाँकी जीवनमा दिनको धेरै पटक अरु भाषामा बोल्नुहोस् । कोही शब्दका नदीबाट शुरु गर्छन्, कोही साधारण शब्द समूहबाट । केही समस्या छैन । आश्चर्य काम शुरु भएको छ !

**येशू ख्रीष्टमा दाज्यूभाइ-दिदीबहिनीहरू,**

पवित्र आत्माको वरदानको लागि परमेश्वरको प्रशंसा गर्नुहोस् । उहाँ तपाईंको मित्र र सल्लाहकार हुनुहुनेछ । सबै अवस्थामा उहाँमा भर पर्नुहोस् । उहाँले तपाईंलाई परमेश्वरको प्रेम र शक्तिले भर्नुहुनेछ, र तपाईंको जीवनलाई असल बाटोमा डोऱ्याउनुहुनेछ । तपाईं पवित्र आत्माको मिठो सम्बन्धमा प्रवेश गर्नुभएको छ । हरेक दिन, तपाईंलाई भर्नको लागि पितासँग अनुरोध गर्नुहोस्, अनि उहाँद्वारा भरिइरहनुहोस् (एफिसी ५:१८-२०) । यो शुरुवात मात्र हो, तर कति असल शुरुवात !

यो पाठ फेरि पढ्दा लाभदायक पाउन सक्नुहुन्छ । आज तपाईंले पाउने कुराले तपाईंको जीवन सदाको लागि बद्ली हुनेछ ।

## कण्ठस्थ समय

कागजको पानामा बाइबलका पदहरू लेख्नुहोस्, र हरेक दिन ती पदहरू धेरै पटक पढ्नुहोस् - बसमा, खाली समयमा वा खानाको समय सँगै परिवारसित बसेर

**"ती सबैजना पवित्र आत्माले भरिए र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे ।"** *(प्रेरित २:४)*

**"हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ ।"** *(रोमी ५:५)*

# परमेश्वरको वचन - सत्यले तिमीलाई स्वतन्त्र पार्नेछ

**यो पाठको बारेमा :**

साँचो स्वतन्त्रता चाहिँ परमेश्वरको वचनअनुसार जिएर आउँदछ । परमेश्वरको वचन बाइबल हो र यसले तपाईंमा पहिलादेखि नै काम गरिरहेको छ । बाइबलले देखाएको सत्यले तपाईंलाई स्वतन्त्र गर्नेछ । यो सत्यले तपाईंको जीवनलाई परिवर्तन गर्नेछ ।

आज तपाईंले निम्न कुराहरू सिन्नुहुनेछ :

- **परमेश्वरको वचन के हो ।**
- **यसले कसरी काम गर्छ ।**
- **यसले तपाईंलाई कसरी स्वतन्त्र पार्न सक्छ ।**



## १ परमेश्वरको वचन के हो ?

तपाईंको जीवनमा हुनुपर्ने असल कुरा परमेश्वरको वचनले पहिला नै उत्पादन गरिसकेको छ - तपाईंको मुक्ति । यो परमेश्वरको वचनद्वारा भयो ।

- येशूको बारेमा वचन सुन्नुभयो ।
- वचनमा प्रतिज्ञा पाउनुभयो ।
- वचन अनुसार तपाईं बोल्नुभयो ।
- वचनमा लेखिए अनुसार परमेश्वरले गर्नुभयो:

१ पत्रुस १:२३-२५ ***"किनकि तिमीहरू नयाँ जन्म भएका छौ, नाश हुने बिउ होइन, तर अविनाशी परमेश्वरको वचनद्वारा हो ।"***

याकूब १:१८ बाइबलले भन्दछ कि तपाईंले वचनद्वारा नयाँ जन्म पाउनु भएको छ । परमेश्वरले तपाईंलाई बचाउन वचन प्रयोग गर्नु भएको देख्न सक्नुहुन्छ ? तर यो त शुरु मात्र हो, बाँकी जीवनभरि वचनको शक्तिले जिउनु हुनेछ ।



## परमेश्वरको वचन के हो ? (बाँकी अंश)


### परमेश्वरको वचन चाहिँ बाइबल हो - र बाइबल सत्य छ

परमेश्वरको वचन बाइबल हो, यो पुस्तक तपाईं पाउन र पढ्न सक्नुहुनेछ । यो
यूहन्ना ८:३१ असल उपहार हो । येशू हामीसित सधैं रहन सक्नुहुन्न भन्ने जान्नुहुन्थ्यो, यसकारण उहाँसित समाधान थियो: “तिमीहरू मेरो शिक्षा मान्छौ भने तिमीहरू मेरा चेला हौ ।” येशूका शिक्षा बाइबलमा लेखिएका छन् ।

### परमेश्वरले उहाँको स्वास बाइबलमा फेरिदिनुभयो

बाइबल कुनै सामान्य पुस्तक होइन । पवित्र आत्मा परमेश्वरका दूतद्वारा बोल्नुभयो,
२ तिमोथी ३:१६,१७ र उहाँले बोल्नु भएको कुरा उनीहरूले लेखे । “सारा धर्मशास्त्र परमेश्वरको वचन हो र यो सिकाउन, सच्याउन, हप्काउन र धार्मिकतामा तालिम दिन असल छ, ताकि परमेश्वरका दासहरू हरेक असल कामको लागि ठीक हुन सकून् ।”

***नयाँ करार २७ पुस्तक***




***पुरानो करार ३९ पुस्तक***

### परमेश्वरले दिनुभएको पुस्तक

बाइबलमा लेखिएका कुरा परमेश्वरको वचन हो । बाइबलद्वारा, इतिहासमा परमेश्वर मानिससित बोल्नु भएको छ । बाइबलमा परमेश्वरको शक्तिशाली, उद्धार गर्ने सत्यता प्रकट भएको छ । यसलाई हरेक पटक खोल्दा तपाईंलाई सिकाउँछ र सहायता गर्छ ।

### बाइबल कति भागमा विभाजित छ ?

बाइबलमा दुई भाग छन्: पुरानो करार र नयाँ करार । पुरानो करार येशूको समयमा उपलब्ध थियो, र नयाँ करार त्यसपछि लेखिएको थियो । येशू र उहाँका प्रेरितहरूका शिक्षाद्वारा यसले परमेश्वरको सत्यता बयान गर्छ । यसको
हिब्रू ४:१२ हरेक शब्द सत्य छ । यो सत्य मात्र होइन, परमेश्वरको शक्तिले भरिएको छ । येशूले
मत्ती ५:१८ भन्नुभयो: “किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन ।”

यशैया ४०:८ **हामीले यहाँसम्म सिकेका कुराको सारांश गरौं:**

यूहन्ना ८:३१, ३२
- बाइबल परमेश्वरको वचन हो र यो कहिल्यै पनि परिवर्तन हुँदैन ।
- येशूसित नजिक रहने चाबी नै बाइबल हो ।



## २ येशूचाहिँ परमेश्वरको वचन हुनुहुन्छ ।

बाइबल, परमेश्वरको वचन, एउटा पुस्तकभन्दा बढी छ । येशू वचन हुनुहुन्छ । परमेश्वरले पृथ्वी सृष्टि गर्नुहुदा उहाँ हुनुहुन्थ्यो ।

यूहन्ना १:१, उत्त १:२
येशू जन्मनुहुँदा, परमेश्वरको वचन चाहिँ मानव रुपमा वास्तविक हुनुभयो ।
१ यूहन्ना १:१
जीवनको वचन येशू हुनुहुन्छः "जो शुरुदेखि हुनुहुन्थ्यो, जुन हामीले सुन्यौं, जसलाई हाम्रा आँखाले देख्यौं, जसलाई हेऱ्यौं र हातले छोयौं - यसलाई जीवनको वचनको रुपमा घोषणा गर्दछौं ।"

### वचन तपाईंको घरमा आउँछ

जब परमेश्वरको वचनलाई तपाईंको घरमा आउन दिनुहुन्छ, स्कूल वा काममा येशू आउनुहुन्छ । तपाईंको जीवनको बिस्तृत कुरा उहाँ भन्न चाहनुहुन्छ । दिनहुँ येशूले तपाईंलाई पछ्याउनु भएको कल्पना गर्नुहोस् : तपाईंसित बस्ने, काम गर्ने, बोल्ने गर्नुभएको कल्पना गर्नुहोस् । वचनलाई तपाईंको हृदय र मनमा भर्दा यस्तो
कलस्सी ३:१६
हुनेछ । येशू, परमेश्वरको वचन, तपाईंसित हिँड्नुहुनेछ । कसरी ? बाइबलद्वारा, जहाँ तपाईंले जीवन दिने येशूको वचन पाउनुहुन्छ ।

### परमेश्वरको वचन आत्मा र जीवन हो

बाइबल भनेको शब्दहरूको साधारण पुस्तक मात्र होइन । यी शब्दहरूमा जीवन, परमेश्वरको जीवन छ । तर बाइबल खोलेर सत्यलाई प्राप्त गर्नुपर्छ । तब मात्र सत्य तपाईंमा जिउन थाल्दछ । यदि बाइबल तपाईंको दराजमा मात्र रहन्छ भने, यो सत्य नै भए तापनि, केही पनि हुने छैन ।

येशू भन्नुहुन्छः "मैले तिमीहरूलाई भनेको वचन आत्मा र जीवन हुन् ।"
यूहन्ना ६:६३
बाइबलका शब्दहरू अरु पुस्तकका शब्दहरूभन्दा फरक छन् । ती आत्मा हुन् - र त्यो आत्मा परमेश्वर स्वयम् हुनुहुन्छ । यसको अर्थ जब बाइबलबाट वचन पाउनुहुन्छ, परमेश्वरको आत्माले तपाईंलाई परिवर्तन गर्न थाल्नुहुन्छ । परमेश्वरको जस्तो जीवन तपाईंमा आउँदछ ।



## ३ वचनले तपाईंलाई परिवर्तन गर्न थाल्छ


जीवनमा वचनले छोएको क्षेत्रहरू परिवर्तन हुन थाल्छन् । तपाईं बिरामी हुनुहुन्छ र चंगाइको बारेमा परमेश्वरको वचन पढ्नुभयो भने वचनद्वारा चंगाइ तपाईंमा
भजन १०७:२०
आउनेछ : "उहाँले वचन पठाउनुभयो र तिनीहरूलाई चंगाइ गर्नुभयो ।" यस्तो अचम्मको, जीवन परिवर्तन गर्ने शक्ति अरु कहीं छैन ! यसैले बाइबल अध्ययन गर्नुहोस्, प्रतिज्ञाहरू भन्नुहोस् र परमेश्वरको वचनमा रहनुहोस् ।

## वचनले तपाईंलाई परिवर्तन गर्न थाल्छ *(बाँकी अंश)*

### परमेश्वरको वचनः एउटा निश्चित जग

हाम्रो संसार परिवर्तनशील छ र सबै कुरा परिवर्तन भइरहन्छः सबै भौतिक कुरा, विचार, प्रणाली र ज्ञान पनि। तथापि, येशू भन्नुहुन्छः "स्वर्ग र पृथ्वी बितिजानेछ,
मत्ती २४:३५ तर मेरो वचन कहिल्यै बितेर जाँदैन।" यसकारण, परमेश्वरको
वचन निश्चित जग हो जसमा तपाईं खडा हुन सक्नुहुन्छ।
भजन ४०:२ "उहाँले मेरो पाइला चट्टानमा राख्नुभयो र खडा हुने
भजन ३३:४ निश्चित स्थान दिनुभयो।" परमेश्वर प्रतिज्ञाहरू पूरा
मत्ती ७:७ गर्नुहुन्छ भनी देख्न सकिन्छः "किनकि प्रभुको वचन ठीक र
यूहन्ना १५:७ सत्य छ, उहाँले गर्नुहुने सबै कुरामा विश्वासिलो हुनुहुन्छ।"

व्यावहारिक बनौं, किनकि परमेश्वर व्यावहारिक हुनुहुन्छ। यदि तपाईंको अवस्थाको लागि परमेश्वरको वचनबाट प्रतिज्ञा छ भने, तपाईंलाई जस्तो लागोस् वा मानिसहरू जेसुकै भनोस्, त्यो प्रतिज्ञामा खडा रहन सक्नुहुन्छ। परमेश्वरको वचन त तपाईं उभिनु भएको जमिनभन्दा ठोस छ। एकदिन त्यो हराउनेछ, तर परमेश्वरको वचन सदा रहनेछ।




### परमेश्वरको वचनमा उभिने उदाहरण

परमेश्वरको शक्तिलाई आफ्नो जीवनमा आउन दिनुहोस्!
१ कोरिन्थी १:१८ प्रेरित पावल भन्दछन्: किनकि क्रूस (जहाँ येशू तपाईं र मेरो निम्ति मर्नुभयो)
को सन्देश हामी उद्धार पाइरहेकाहरूका निम्ति परमेश्वरको शक्ति हो। आहा!
क्रूसको सन्देश परमेश्वरको शक्तिले भरपूर छ।

- यदि तपाईंले गर्नुभएका काममा परमेश्वरको क्षमा माग्नु भएता पनि
१ यूहन्ना १:९ दोषी अनुभव हुन्छ र बिर्सन सक्नुहुन्न भने, येशूले क्रूसमा गर्नुभएको कुरा सम्झनुहोस्: **"हामीले आफ्ना अपराध स्वीकार गर्‍यौं भने, उहाँ विश्वासिलो र धर्मी हुनुहुन्छ र हाम्रा पापहरू क्षमा गर्नुहुनेछ र सारा अधार्मिकताबाट शुद्ध गर्नुहुनेछ।"**
- गलाती ४:६, ७ यदि आफूलाई एक्लो लाग्छ र कसैले वास्ता गर्दैन भन्ने लाग्छ भने, क्रूसमा भएको कुरा सम्झेर यसो भन्नुहोस्: **परमेश्वरले उहाँको आत्मा मेरो हृदयमा पठाउनु भएको छ र म परमेश्वरलाई "प्यारो पिता" भनी बोलाउन सक्छु। म दास होइन तर परमेश्वरको पुत्र हुँ।**
- १ पत्रुस २:२४ बिरामी हुनुहुन्छ र परमेश्वरको सहायता चाहिँन्छ भने, तपाईंको चंगाइको लागि येशूले क्रूसमा गर्नु भएको कुरालाई सम्झनुहोस् र यसो भन्नुहोस्: **उहाँका चोटहरूद्वारा म निको भएको छु।**

पावलले भनेका कुरा सुन्नुभयो - क्रूसको सन्देश परमेश्वरको शक्ति हो। परमेश्वरको प्रतिज्ञालाई भरोसा गर्दा र तपाईंको जीवन उहाँको वचनअनुसार परिवर्तन हुन्छ भनी मान्दा यो शक्ति तपाईंको जीवनमा आउँछ।

## परमेश्वरको वचनले दिशा देखाउँछ

भजन ११९:१०५

प्रायजसो हामीलाई दिशा चाहिँन्छ। के गर्ने र कता जाने भनी हामी सोच्छौं। परमेश्वरको वचन तपाईंको खुट्टाको लागि बत्ती र बाटोको लागि उज्यालो हो। बाइबलले जीवनको हरेक पक्षको कुरा गर्दछ। जति परमेश्वरको वचन पढ्नुहुन्छ, उति नै सहायता र दिशा पाउनुहुनेछ। परमेश्वरले तपाईंलाई सिकाउनुहुन्छ - उहाँको वचनद्वारा - उहाँको उपस्थितिमा कसरी प्रेम र शक्तिको जीवन जिउने भनी डोऱ्याउनुहुन्छ।



## बाइबल खोज

**अभ्यास १: परमेश्वरको वचन वर्णन गर्ने निम्नानुसार बाइबल पदहरू छन्। ती हेरेर सो लेख्नुहोस्:**

२ शमूएल २२:३१ ______________________

______________________

हितोपदेश ३०:५ ______________________

______________________

यूहन्ना १७:१७ ______________________

______________________

हिब्रू ४:१२ ______________________

______________________

फिलिप्पी २:१६ ______________________

______________________

भजन ११९:१०३ ______________________

______________________

## बाइबल खोज (बाँकी अंश)

भजन ११९:१३० ______________________________

______________________________

यूहन्ना ६:६३ ______________________________

______________________________

**अभ्यास २: परमेश्वरले परिवर्तन गर्न आवश्यक तपाईंको जीवनका तीन क्षेत्रहरूको तालिका बनाउनुहोस्:**

१. ______________________________

______________________________

२. ______________________________

______________________________

३. ______________________________

______________________________

**अब "आत्मा र जीवनको वचन" भन्ने विषयमा जानुहोस् र तपाईंले तयार गर्नुभएको तालिको हरेक क्षेत्रको लागि बाइबल पद पत्ता लगाउनुहोस् । तलका पदहरू हेर्नुहोस् र परमेश्वरले भन्नु भएको कुरामा भरोसा गर्नुहोस् । उहाँका प्रतिज्ञाहरूमा खडा रहनुहोस् ।**

१. ______________________________

______________________________

२. ______________________________

______________________________

३. ______________________________

______________________________



## कामको समय

तपाईंको जीवन र घरमा परमेश्वरको वचनले कसरी प्रभाव पार्न सक्ला ? तपाईंको बोलीद्वारा । जब परमेश्वरको वचन विश्वासमा बोल्नुहुन्छ, परमेश्वरको शक्ति प्रकट हुन्छ र आश्चर्य काम हुन्छ । यसकारण, परमेश्वरको सत्यता बोल्न आफैलाई सम्झाउनुहुन्छ भने, तपाईंको जीवन पहिला जस्तो हुनेछैन ।


### १. तपाईंको घरलाई परमेश्वरको वचनले भर्नुहोस्

हितोपदेश ४:२०-२२

तपाईंका पर्खालहरूमा बाइबलका पदहरू झुण्ड्याउनुहोस् । तपाईंको पर्समा कण्ठ गर्ने पदहरू बोक्नुहोस् - तीनलाई बुकमार्कको रुपमा प्रयोग गर्नुहोस् ।

२ कोरिन्थी ५:१७
१ पत्रुस २:२४

परमेश्वरको वचनमा भएका सत्यताहरू आफैलाई सम्झाउनुहोस्, उदाहरणको लागि, म येशू खीष्टमा नयाँ सृष्टि हुँ, म येशूको चोटहरूद्वारा निको भएको छु, आदि । तपाईंको जीवनमा परमेश्वरको वचन जति धेरै छर्नुहुन्छ, तपाईंको विश्वास उति नै बढ्दैजान्छ ।





### २. "आत्मा र जीवनको वचन" भन्ने कुरालाई प्रयोग गर्नुहोस्

यो जीवनको ढोकाको केन्द्रबाट निकालिएको कुरा हो । यो सानो टुक्रालाई तपाईंको बाइबलमा राख्नुहोस्, गोजीमा वा झोलामा राख्नुहोस् । यसमा आधारभूत तर धेरै शक्तिशाली वचनहरू रहन्छन् ।

#### "आत्मा र जीवनको वचन" कसरी प्रयोग गर्ने

रोमी १०:९, १०

१. यसलाई पुस्तकको बिचबाट निकालेर पानाहरू सही प्रकारले देखा परोस् भनी पट्याउनुहोस् ।
२. आफूसित यसलाई बोक्नुहोस् ।
३. बाइबलका पदहरू ठूलो स्वरमा भन्नुहोस् । तपाईंको विश्वास र मुखको स्वीकृतिले तपाईंको जीवन परिवर्तन हुनेछ । चाँडै नै बाइबल पदहरू तपाईंले धेरै जान्नुहुनेछ । खाँचो पर्दा पवित्र आत्माले ती तपाईंमा जिउँदो रुपमा ल्याउनुहुनेछ ।



## कण्ठस्थ समय

### कण्ठस्थ गरेर परमेश्वरको वचन बोल्नुहोस्

कागजको पानामा बाइबल पदहरू लेख्नुहोस्, र हरेक दिन त्यसलाई - बस, खाली समय, वा खाने समय परिवारमा सँगै धेरै पटक पढ्नुहोस् ।

**"प्रभुको वचन ठीक र सत्य छः<br>उहाँले गर्नुहुने सबै कुरामा<br>उहाँ विश्वासयोग्य हुनुहुन्छ ।"**

*(भजन ३३:४)*

**"स्वर्ग र पृथ्वी बितिजानेछन्,<br>तर मेरा वचन कहिल्यै बित्नेछैन ।"**

*(मत्ती २४:३५)*

# तपाईंको नयाँ जीवन

**यो पाठको बारे :**

येशू खीष्टमा हुने विश्वास खाली शब्दहरू होइन, यो पूरै नयाँ र फरक जीवन हो । खीष्टको सुसमाचारसित आउने परमेश्वरको उल्लेखनीय शक्ति र आशिष् तपाईंका हुन्, शुरुको विश्वास गर्दा मात्र होइन, तर परमेश्वरले दिनु भएको जीवन जिइरहँदाको लागि हो ।

आज निम्न कुराहरू सिक्नुहुनेछ :

- **खीष्टमा तपाईंको नयाँ जीवन ।**
- **तपाईंको जीवनमा यिनलाई वास्तविक बनाउन चाल्नु पर्ने पाइलाहरू ।**



## तपाईंको नयाँ जीवनका लागि पाँच खम्बाहरू

२ कोरिन्थी ५:१७
कलस्सी १:३

"खीष्टमा हुनेहरू नयाँ व्यक्ति हुन् । पुरानो जीवन सिद्धियो, नयाँ जीवन शुरु भएको छ !" हल्लेलुया ! वास्तवमा यो सत्य हो । खीष्टलाई पाएपछि, परमेश्वरले तपाईंलाई अन्धकारको राज्यबाट खीष्टको राज्यमा सार्नुभएको छ ।

महसुस नगरे तापनि अब तपाईं नयाँ राज्यमा हुनुहुन्छ । कसैले एउटा देशबाट अर्को देशको नागरिकता परिवर्तन गरेको कल्पना गर्नुहोस्, नयाँ नागरिकताको आनन्द नउठाएसम्म उसले परिवर्तनको महसुस नगर्न सक्ला । यसपछि मात्र उसको परिचय परिवर्तन भएको प्रमाण हुनेछ । तपाईंको लागि पनि यस्तै हो ! यो पाठमा तपाईंले यो नयाँ राज्यमा कसरी जिउने भनी सिक्न थाल्नुहुनेछ । पाँच महत्वपूर्ण सत्यताहरूलाई हेरौं : बप्तिष्मा, संगति, बाइबल अध्ययन, प्रार्थना र आराधना, अनि तपाईंको विश्वास बाँड्ने काम ।



## १ बप्तिष्मा

प्रेरित २:१४-४१
प्रेरित २:३७, ३८

पत्रुसले पेन्तिकोसको दिनमा पहिलो सन्देश दिँदा, मानिसहरू गहिरोसित विश्वस्त भए र परिवर्तन हुन चाहना गरे । यो सन्देश पश्चाताप र विश्वासको लागि बताएको थियो, र मानिसहरूले सोधे: "हामीले के गर्नुपर्छ ?" पत्रुसले जवाफ दिए, "तपाईंहरू सबैजनाले पश्चाताप गरेर सबै पाप क्षमाको लागि येशू खीष्टको नाममा बप्तिष्मा लिनुहोस् ।

## बप्तिष्मा *(बाँकी अंश)*


प्रेरित २:३८, ४१ अनि तपाईंहरूले पवित्र आत्माको वरदान पाउनुहुनेछ।" परमेश्वरको राज्यमा नागरिक हुने कदमहरू यसले स्पष्ट देखाउँछ। पहिलो, पश्चातापको कदम - पापबाट फर्किएर परमेश्वरतिर आउने। दोश्रो, उनीहरू पानीमा डुबेर बप्तिष्मा भएका थिए।
प्रेरित ८:३८

### बप्तिष्मा के हो ?

मत्ती २८:१९ बप्तिष्मा लिनुपर्ने आज्ञा येशू आफैबाट सिधा आउँछः "जाऊ र सारा देशका मानिसहरूलाई चेला बनाऊ, उनीहरूलाई पिता र पुत्र र पवित्र आत्माको नाममा बप्तिष्मा देऊ।" बप्तिष्माद्वारा खीष्टको मृत्यु र पुनरुत्थानसित सम्बन्धित भइन्छ - पुरानो जीवनको लेखी मर्नुहुन्छ र प्रशस्त, नयाँ जीवन येशूमा पुनरुत्थान हुनु भएको
रोमी ६:३, ४ छ। पावल सिकाउँछन्ः "…. हामी जतिले खीष्ट येशूमा बप्तिष्मा लिएका छौं, उहाँको मृत्युमा बप्तिष्मा लिएका थियौं। यसकारण हामी उहाँद्वारा मृत्युमा बप्तिष्मा भएर गाडिएका थियौं, जसरी पिताको महिमाद्वारा खीष्ट मृतकबाट बौराइनु भयो, हामी पनि त्यसरी नै नयाँ जीवन जिउन सकौं।"


### बप्तिष्माले तीनवटा कुरा देखाउँछ जो येशूमा भयो

**येशूले हाम्रा सारा पाप लिनुभयो**




**१** येशूले हाम्रा सारा पाप लिनुभयो र आफैमा दण्ड दिनुभयो। हाम्रो लागि मृत्युको दोष उहाँमाथि पऱ्यो। "परमेश्वरले पाप
२ कोरिन्थी ५:२१ नजान्नेलाई हाम्रो लागि पाप बनाउनुभयो, ताकि उहाँमा हामी परमेश्वरको धार्मिकता बन्न सकौं।"

**उहाँ मर्नुभयो र गाडिनुभयो**



**२** येशू मर्नुभएर गाडिनुहुँदा, पापको बन्धन
रोमी ६:७ तोड्नुभयो, "किनकि जो मरेको छ ऊ पापबाट स्वतन्त्र भएको छ।" अब येशू पुनरुत्थानको लागि तयारी हुनुहुन्थ्यो।

**उहाँ नयाँ जीवनमा बौरनुभयो**



**३** तेश्रो दिनमा, येशू बौरनु भएको थियो।
रोमी ८:११ आत्माद्वारा उहाँलाई जीवित पारिएको थियो। अहिले उहाँ पिताको दाहिने हाततिर
हिब्रू ७:२५ बस्नु भएको छ र उहाँद्वारा परमेश्वरमा आउनेहरूका लागि मध्यस्त गर्नुहुन्छ।

## तपाईंको बप्तिष्माले यी तीन कदमहरू देखाउँछ

पापको अधीनमा तपाईंको पुरानो जीवन




एफिसी ४:२२-३२

१ थेसलोनिकी १:९

लूका ९:२३-२५

### १ *क्रूस*

*क्रूसले अंधकारको राज्यमा तपाईंको पुरानो जीवन मृत्यु भन्ने देखाउँछ । यसको अर्थ :*

- तपाईंले स्वार्थको पुरानो जीवन छोड्नुभयो ।
- तपाईंलाई शासन गर्ने पुरानो कुराहरू छोड्नुहुन्छ
- बाँकी जीवनमा येशूलाई पछ्याउने निर्णय गर्नुहुन्छ । पछाडिको पुरानो जीवनतिरको ढोका बन्द गरेर नयाँतिर बढ्नुहुन्छ ।

पुरानो जीवन बप्तिष्मामा मर्छ




रोमी ६:६

१ पत्रुस २:२४
रोमी ६:७

### २ *चिहान*

*पानीमुनि जानुहुन्छ, तपाईंको पुरानो जीवन गाडियो । यो चाहिँ चिहानमा शरीर राखे जस्तै मरेको हो । पापको शक्ति नाश भएको, पापको दासत्व तोडिएको, "ताकि हामी पापको लेखी मरेको र धार्मिकताको लेखी जिउन सकौं ।" जो मरेको छ ऊ पापबाट स्वतन्त्र भएको छ । यो मृत्यु भनेको तपाईंको स्वतन्त्रता हो ।*

नयाँ जीवन आनन्द र विजयमा



२ कोरिन्थी ५:१७
कलस्सी २:१२
यूहन्ना ११:२५,२६
एफिसी १:१९,२०

### ३ *पुनरुत्थान*

*तपाईं पानीबाट बाहिर निस्कँदा नयाँ जीवनमा आउनुहुन्छ । बप्तिष्माले यस्तो आश्चर्य प्रकट गर्छ जो तपाईं बचाइनु हुँदा हुन जान्छ । तपाईं नयाँ सृष्टि हुनुहुन्छ ।*

तपाईं ख्रीष्टसित बौरिनु भएको छ र विश्वास गर्नु भएको कारण तपाईं उहाँसितै जीवित पारिनु भएको छ । तपाईं मृत्युदेखि जीवनमा सर्नु भएको छ । उहाँको पुनरुत्थान गर्ने अलौकिक शक्ति तपाईंको हो ।

## येशू तपाईंले बप्तिष्मा लिएको चाहनुहुन्छ

मर्कूस १६:१६

प्रेरित २:४१

रोमी १०:९, १०

एफिसी २:८, ९

येशू भन्नुहुन्छ: "जस-जसले विश्वास गर्छ र बप्तिष्मा लिन्छ, ऊ बचाइनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ ।" यसको अर्थ येशूको आज्ञाकारीतामा हरेक विश्वासीले बप्तिष्मा लिनुपर्छ । बप्तिष्मा आफैले तपाईंलाई बचाउदैन, येशू नै प्रभु हुनुहुन्छ भनी विश्वास गर्नुभयो र स्वीकार गर्नुभयो भने मात्र बचाइनुहुन्छ ।

## बप्तिष्मा *(बाँकी अंश)*

बप्तिष्मा भनेको ख्रीष्टमा तपाईंको नयाँ जीवनको बाहिरी स्वीकार हो । यसैले, यदि अहिलेसम्म पानीमा बप्तिष्मा लिनु भएको छैन भने, पिता, पुत्र र पवित्र आत्माको नाउमा बप्तिष्मा लिनुहोस् किनकि यो कदम चाल्नु एकदम महत्वपूर्ण छ । यो गर्नुहोस् र अचम्म प्रकारले आशिषित् हुनुहुनेछ ।

## २ चर्च: अरु विश्वासीसितको संगति

प्रेरित २:४१, ४२
मत्ती २८:२०
२ कोरिन्थी १२:१२, १३
१ यूहन्ना ४:१९

पहिलेका विश्वासीहरूका जीवन धेरै नै परिवर्तन भएको थियो: "पत्रुसको सन्देश विश्वास गर्नेहरू बप्तिष्मा भएका थिए, र .... उनीहरू आफैलाई प्रेरितहरूका शिक्षा र संगतिमा, रोटी भाच्न र प्रार्थनामा समर्पण गरे ।" एक जना विश्वासी कहिल्यै पनि एक्लो हुँदैन, उसले परमेश्वरसित जहिले पनि घनिष्ट संगति पाउन सक्छ । तर अझ बढी छ: सबै विश्वासीहरू एउटा शरीरका अंगहरू झैं एकार्कासित मिलेको, जोडिएको हुन्छन् । हामीबीचमा पर्खाल छैन, किनकि हाम्रो नयाँ केन्द्र येशू हुनुहुन्छ । हामी एकार्कालाई प्रेम गर्छौं, किनकि येशूले पहिला हामीलाई प्रेम गर्नुभयो ।



प्रेरित २:४४-४७
प्रेरित ४:३२-३५
१ कोरिन्थी ११:२३-२६

पहिलेका विश्वासीहरूलाई, यो प्रेम वास्तविक र व्यावहारिक थियो । उनीहरू प्राय घरमा सँगै दैनिक भेला हुन्थे । उनीहरूले आफ्ना सम्पति बाँड्थे, यसैले उनीहरूका माझमा कुनै खाँचो हुँदैनथ्यो । उनीहरू प्रार्थना गर्दा, परमेश्वरको प्रशंसा गर्दा, र सँगै रोटी भाँच्दा आनन्दित् हुन्थे । वरपरका मानिसहरूले उनीहरूलाई मन पराउँथे ।

घनिष्ट संगति, येशूमा केन्द्रित भएर जीउँदा के भयो सो हेर्नुहोस्: मानिसहरू दैनिक रुपमा बचाइए !

तपाईंलाई पनि यही चाहिन्छ: विश्वास गर्नेहरूसित घनिष्ट सम्बन्ध । परमेश्वरलाई सँगै प्रशंसा गर्नेहरूसित आफूलाई राख्नु भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस्, किनकि जहाँ परमेश्वरको शक्तिको उपस्थिति छ, त्यहाँ बचाउने, निको पार्ने र छुटकारा छ । सकिन्छ भने, विश्वासी संगीहरूका लागि आफ्नो ढोका खोल्नुहोस् । परमेश्वरको प्रेम प्रकट गर्न थाल्नुहोस्, र अरुहरू उहाँतिर आकर्षित हुनेछन् ।

## ३ बाइबल: तपाईंको दैनिक भोजन

प्रेरित २:४२

पहिलाका विश्वासीहरूले प्रेरितहरूका शिक्षामा आफूलाई सुम्पन्थे, जुन कुरा बाइबलमा पाइन्छ । उनीहरू सुन्न र सिक्न सँगै भेला हुन्थे, र आफूले पाएका कुरा अरुलाई बाँड्थे ।

परमेश्वरको वचन त खाना जस्तै हो । एक बालकलाई



१ पत्रुस २:२ खाना प्राय जसो चाहिन्छ। तपाईंलाई पनि उस्तै हो। "नयाँ जन्मेको बालकझैं शुद्ध आत्मिक दुधको तृष्णा गर, ताकि आफ्नो मुक्तिमा बढ्दै जान सक।" एक विश्वासीले परमेश्वरको वचन पाएर सोअनुसार जिउँछ भने ऊ बल र विश्वासमा बढ्दछ।

बाइबलमा हरेक दिन समय दिनबाट केही कुराले बाधा गर्न नपाओस्। परमेश्वरको वचन पढ्नु र अध्ययन गर्नुहोस्। आफूलाई मन छोएको विशेष पद चिन्ह लगाएर स्मरण गर्नुहोस्। परमेश्वरसित बढी समय दिनुहुन्छ भने, उहाँको गुणमा बृद्धि हुनुहुनेछ। सिकेका कुरा अरुलाई भन्नुहोस्, अनि उनीहरूको लागि तपाईं आशिष् बन्नुहुनेछ।



## ४ प्रार्थना र आराधना

पहिला विश्वासीहरू प्रार्थनामा समर्पित थिए। अनि सँगसँगै परमेश्वरको प्रशंसा
प्रेरित २:४२ गर्थे। यो विश्वासीहरूको जीवनशैली नै हो।
प्रेरित २:४७ प्रार्थना भनेको प्रभुसित संगति गर्ने तरिका हो। कुनै व्यक्तिसित कुरा गरे झैं हृदयका कुरा परमेश्वरलाई भन्न सकिन्छ। यस्ता भाषाहरूमा पनि प्रार्थना गर्न
१ कोरिन्थी सक्नुहुन्छ जसद्वारा तपाईंले नबुझ्ने भाषाहरूमा आत्माले परमेश्वरसित कुरा गर्दछ। यो
१४:२, १५ बारेमा पाठ तीनमा अझ पाइन्छ।

पहिलेका विश्वासीहरू सँगै प्रार्थना गर्थे, र हामीलाई उदाहरण दिए। येशू आफैले सहमतिको प्रार्थनाबारे विशेष प्रतिज्ञा गर्नुभयो: "तिमीहरू दुई जना सहमतिमा केही
मत्ती १८:१९, २० कुरा माग्छौ भने, स्वर्गका मेरा पिताले सो तिमीहरूका लागि गर्नुहुनेछ। किनकि जहाँ दुई वा तीन मेरो नाममा भेला हुन्छन्, तिनीहरूका माझमा म हुन्छु।" सहमतिमा हुने प्रार्थना शक्तिशाली हुन्छ।

### प्रार्थनाले परिस्थितिहरू परिवर्तन गर्छ

जब येशूमा विश्वास गर्नेहरूले एकतामा प्रार्थना गर्छन्, उनीहरूका प्रार्थनाले परिस्थितीहरू परिवर्तन गर्नेछन्। तपाईंको लागि पनि यस्तै हुनेछ।

प्रेरित १२:५ पत्रुस जेलमा हुँदा, मानिसहरूले उनको लागि परमेश्वरसित हृदयले प्रार्थना गरे। उनीहरू असम्भव अवस्थामा थिए, सिपाहीहरूका बीचमा सुत्थे, दुई वटा साङ्लाले बाँधिएका, र प्रवेश ढोकामा सुरक्षाकर्मीले घेरिएका थिए। तापनि प्रार्थनाको उत्तर स्वरुप परमेश्वरले पत्रुसलाई स्वतन्त्र गर्नुभयो। प्रार्थना गर्दा, तपाईं पनि असम्भव अवस्थालाई सम्भव बनाउने परमेश्वरको शक्ति देख्न सक्नुहुन्छ।

अरु अवस्थामा, जब अधिकारीहरूले पहिलेका विश्वासीहरूलाई धम्की दिन
प्रेरित ४:२४-३१ र प्रचार गर्नबाट रोक्न खोजे, "उनीहरूले परमेश्वरमा सँगै प्रार्थनाको आवाज उठाए... प्रार्थना गरेपछि, उनीहरू भेला भएको स्थान हल्लियो। अनि उनीहरू पवित्र आत्माले भरिएर परमेश्वरको वचन साहससाथ बोले।" उनीहरूलाई चाहिएको थोक परमेश्वरले दिनुभयो - साहस।

## प्रार्थना र आराधना *(बाँकी अंश)*

हाम्रो परमेश्वर महान् र अचम्मको हुनुहुन्छ, र हाम्रो आदर प्रशंसाको योग्य हुनुहुन्छ। उहाँलाई प्रशंसा गर्नको लागि अरुहरूसित भेला हुने समय मिलाउनुहोस्।
२ इतिहास ५:१३, १४ तपाईंको परमेश्वरलाई आनन्दमय भजन गाउनुहोस्, र उहाँ भलो, अचम्मको, र न्यायी हुनुहुन्छ भन्ने घोषणा गर्नुहोस्। परमेश्वरको प्रशंसा गर्दा, अदृष्य संसारमा केही प्रभाव हुन्छः परमेश्वरको उपस्थिति आउँछ। परमेश्वरको प्रशंसा र आराधना भएको स्थानमा, प्रभुले अधिकारयुक्त स्थान दिनुभएको छ, र शासन गर्न अनि शक्ति
भजन २२:३ देखाउन आउनुहुन्छ। "तपाईं पवित्र हुनुहुन्छ र परमेश्वरका जनहरूको प्रशंसामा राज गर्नुहुन्छ।"


## ५ येशूको बारेमा अरुलाई बताउने

पहिलेका विश्वासीहरूको जीवनशैलीले अचम्मको परिणाम प्राप्त गरे। उनीहरू
प्रेरित २:४१, ४७ परमेश्वरलाई प्रशंसा गर्न घरहरूमा आनन्दसाथ भेला हुन्थे, र मानिसहरू दैनिक
प्रेरित ४:३२, ३३ उनीहरूमा थपिन्थे। उनीहरू प्रेम र एकतामा बस्थे, र महान शक्तिसाथ प्रचार गर्थे।
प्रेरित ५:१२-१६ परमेश्वरले आश्चर्य कर्म गर्नुभयो, र "धेरैभन्दा धेरै मानिसहरूले प्रभुमा विश्वास गरे र उनीहरू संख्यामा थपिए।" एकार्कासित र परमेश्वरसित नजिक रहँदा अचम्मलाग्दो परिणाम हुन्छ भन्ने देख्नुभयो ? यस वातावरणमा, छिमेकीलाई यसो भन्न सजिलो थियो: "मेरो घरमा आएर मेरो साथीहरूलाई भेट्नुहोस्।" उनले साथीहरूलाई मात्र होइन तर येशूलाई पनि भेटे। यो तपाईंको जीवनशैली हुन सक्छ। परमेश्वरबाट पाएको कुरा जब अरुलाई बाँड्नुहुन्छ, अरु मानिसहरू पनि मृत्युबाट जीवनमा आइरहेको देख्दा अत्यन्त खुशी पाउनुहुनेछ। जति बढी बाँड्नुहुन्छ, उति शक्तिशाली रुपमा प्रभुमा तपाईं बढ्नुहुनेछ।

### बधाइ !

तपाईंले "जीवनको ढोका" श्रृंखलाको अन्तिम पाठ अध्ययन गर्नुभएको छ र राम्रो गर्नु भएको छ। सिक्नु भएको कुराले तपाईंको बाँकी जीवनमा प्रभाव हुनेछ। हरेक पटक केही समय लिएर, यो आधारभूत पाठ्य-मालामा फेरि पनि एक घण्टा दिनुहोस्।

## बाइबल खोज




हातमा पाँच औंला भए झैं, तपाईंको जीवनको अंश बनाउन काम गर्नुपर्ने पाँच मुख्य क्षेत्रको बारेमा तपाईंले सिक्नु भएको छ । पहिलो, बप्तिष्मा, एक पटक मात्र लिनुहुन्छ, तर अरु चाहिँ येशूको चेलाको रुपमा दैनिक जीवनको लागि हुन् ।



### अभ्यास १ : बप्तिष्मा

क) बप्तिष्माबारे बाइबलका यी पदहरू अध्ययन गरी प्रश्नका उत्तर दिनुहोस् :

- मत्ती २८:१८-२० । बप्तिष्मा दिने आज्ञा कसले दिनुभयो ?

---

- मर्कूस १६:१६, प्रेरित २:३८, १८:८ । कसैले बप्तिष्मा लिनुभन्दा पहिला चाहिने कुरा के हो ?

---

- प्रेरित ८:३६-३८ । बप्तिष्माको प्रक्रिया वयान गर्नुहोस् ।

---

- प्रेरित १६:१४, १५, ३०-३४ । परिवारहरूले मुक्तिको सन्देशप्रति कस्तो प्रतिक्रिया गरे ?

---

- प्रेरित १६:३४ । विश्वास र बप्तिष्माले कस्तो भावना उत्प्रेरित गर्‍यो ?

---

ख) रोमी ६:१-१४ पढ्नुहोस् र तपाईंको कापीमा यसको सारांश लेख्नुहोस् ।

## बाइबल खोज (बाँकी अंश)

### अभ्यास २: विश्वासीको रुपमा तपाईंको दैनिक जीवन

२ कोरिन्थी ५:१७

तपाईंले मुक्ति प्राप्त गरेर नयाँ व्यक्ति बन्नुभयो । "पुरानो जीवन बित्यो, नयाँ जीवन शुरु भएको छ ।" अब परमेश्वरसितको महत्वपूर्ण एकतामा जिउनुहुन्छ । प्रेरित २ देखि ४ अध्यायसम्म हेर्नुहोस् र पहिलाको चर्चका विश्वासीको रुपमा उनीहरूका जीवनका ८ देखि १० अंशहरू लेख्नुहोस् ।



## कामको समय

याकूब २:२६

कामविनाको विश्वास मृत हो। यस पाठका विषयहरूलाई व्यवहारमा लगाउन सहायता गर्ने साधारण ५ बुँदाहरू छन्:

१. ***संगति:*** चर्च वा विश्वासीहरूको संगति खोज्नुहोस्, जहाँ बाइबल सिकाइन्छ र येशूलाई मानिसहरू पूर्ण हृदयले प्रेम गर्दछन्। अरु विश्वासीहरूसित विश्वासयोग्यतासाथ मिल्नुहोस्।

प्रेरित ८:३६, ३७

२. ***बप्तिष्मा :*** यदि पापहरूबाट फर्किएर येशू ख्रीष्टलाई परमेश्वरको पुत्र भनी विश्वास गर्नुभयो भने, बप्तिष्मा हुनबाट तपाईंलाई केहीले पनि रोक्दैन। चर्चका अगुवाहरूलाई भन्नुहोस् - वा विश्वासी मित्रलाई तपाईंको बप्तिष्माको बारेमा बताउनुहोस्।

३. ***बाइबल:*** तपाईंको दिनलाई बाइबल पढाइबाट शुरु गरेर बाइबल पढाइमा नै अन्त गर्नुहोस्। मत्ती अनि प्रेरितबाट शुरु गर्नुहोस्। अनि पढ्दै जानुहोस्। पुरानो करारको लागि उत्पत्ति र भजनसंग्रहबाट शुरु गर्नुहोस्। परमेश्वरले तपाईंलाई भन्नुभएको कुरा लेख्नुहोस्। हरेक दिन उहाँ तपाईंसित बोल्नुहुने आशा गर्नुहोस्।

१ थेसलोनिकी ५:१७

४. ***प्रार्थना र आराधना:*** "निरन्तर प्रार्थना गर।" सबै कुराको लागि लागि प्रार्थना गर्नुहोस्, आफै र
परिवारका सदस्यहरूसित। तपाईंको दिनलाई प्रार्थनाबाट शुरु गरी प्रार्थनामा अन्त गर्नुहोस्। सम्भव भएसम्म अरु विश्वासीहरूसित प्रार्थना गर्नुहोस्। तपाईंको प्रार्थनालाई परमेश्वरले सुन्नुहुन्छ र उत्तर दिनुहुन्छ।

५. ***येशूको बारेमा अरुलाई भन्ने:*** परमेश्वरको प्रेम र शक्तिको सुसमाचार अरुलाई बाँड्नुहोस्। तपाईंका परिवार र मित्रहरूसित शुरु गर्नुहोस्। आजै शुरु गर्नुहोस्।

***येशु ख्रीष्टमा तपाईंको उत्साहित जीवन शुरु भएको छ। हल्लेलुया !***

## कण्ठस्थ समय

### परमेश्वरको वचन कण्ठस्थ गरेर भन्नुहोस्

कण्ठस्थ गर्ने बाइबल पद। यसलाई धेरै पटक ठूलो स्वरले पढ्नुहोस्। यस पाठबाट अरु दुईवटा बाइबल पद छान्नुहोस् र कण्ठस्थ गर्नुहोस्।

**"कोही ख्रीष्टमा छ भने, ऊ नयाँ सृष्टि हो, पुरानो कुरा बितिगए, नयाँ आएको छ।"** *(२ कोरिन्थी ५:१७)*

# नोटहरु

**परमेश्वरको वचनलाई काममा लगाउँदा र सिकेका कुरा प्रयोग गर्दा हुन आउने कुरा लेख्न यी पानाहरू प्रयोग गर्नुहोस् ।**

# नोटहरु

**अधिक जानकारीको लागि, कृपया सम्पर्क राख्नुहोस् ।**

बाइबल चाबीहरू

# जीवनको
# ढोका

बाइबलबाट महत्वपूर्ण सत्यता पत्ता लगाउनुहोस्, र परमेश्वरलाई जान्नको लागि चाहिने पहिलो कदम चाल्नुहोस् ।

यो जीवनको ढोकामा परमेश्वरको वचन बाइबलबाट आधारभूत शिक्षा भएको पाँच पाठहरू छन् । यो शक्तिशाली पुस्तकमा धार्मिकता र सबैको लागि खुशीका चाबीहरू छन्, जसले यो जीवन र मृत्यु पछिलाई पनि प्रभाव पार्दछन् ।

यो जीवनको ढोका आफैं एकलै सिक्न सकिने हो, तर यसलाई समूहमा पनि प्रयोग गर्न सकिन्छ ।

MediaServe